# परिच्छेद एक : परिचय

## १. १. अध्ययनको पृष्ठभूमि

समयको परिवर्तन र मानवीय चेतनाको विकासको क्रमसँगै शिक्षा पनि औपचारिक रूपले व्यवस्थित, व्यावहारिक र उद्देश्यमूलक तरिकाबाट अघि बढाइएको ऐतिहासिक पृष्ठभूमि पाइन्छ । कुनै पनि कार्यलाई सफलतामा परिणत गर्न नियमित निरीक्षण, अनुगमन, सुपरिवेक्षण, निर्देशन र नियन्त्रण जस्ता कार्यहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । त्यसैले शिक्षा मानवीय विकासको मेरुदण्ड भएकाले यसको विकास अझ सशक्त र प्रभावकारी बनाई शैक्षिक क्षेत्रलाई लक्ष्यअनुरूप निष्कर्षमा पु¥याउन निरन्तर सुपरिवेक्षण गर्नु अति आवश्यक छ ।

विद्यालय सुपरिवेक्षणको विकासक्रमलाई हेर्ने हो भने औपचारिक शिक्षण प्रक्रियाको थालनी सँगै निरीक्षणको सङ्कुचित घेरालाई विस्तृत बनाउन सुपरिवेक्षणको धारणा अघि सारिएको पाइन्छ । एफ.डब्लु. टेलरको वैज्ञानिक व्यवस्थापनको प्रभावका कारण सुपरिवेक्षण निरीक्षणकै रूपमा भए तापनि निरीक्षणको उद्देश्य शिक्षकहरूको पेसागत सीप अभिवृद्धि गरी दक्षता अभिमुखीकरण गर्ने क्रमका रूपमा विकसित हुँदै आएको पाइन्छ । सन् १९३७ देखि १९५९ सम्म आइपुग्दा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सरोकारवालाहरू सबैलाई सामूहिक सहभागिता गराई शैक्षिक सुपरिवेक्षण- बाट अध्ययन, अनुसन्धान, अन्वेषण गरी शिक्षण सिकाइ र शैक्षिक समस्यामा सुधार ल्याउन सकिन्छ भन्ने विश्वास रहेको पाइन्छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६२) ।

शाही (२०६३) का अनुसार नेपालमा विद्यालय सुपरिवेक्षणको विकासको इतिहासलाई हेर्ने हो भने प्राचीन कालमा धार्मिक उद्देश्यबाट प्रेरित भएको पाइन्छ । त्यस बखत गुरुहरूबाटै विद्यार्थीको निरीक्षण, मूल्याङ्कन लगायत सुपरिवेक्षणको सबै काम हुने गर्दथ्यो । त्यस्तै वि.सं. १९१० मा नेपालमा राणाकालीन समयमा दरबार हाइस्कुलको स्थापना भएपछि औपचारिक शिक्षाको सुरुवात सँगै मिस्टर रोसलाई विद्यालय सुपरीवेक्षकमा नियुक्त गरियो । यसबाट विद्यालय सुपरिवेक्षण कार्यको सुरुवात औपचारिक रूपमा अगाडि बढ्दै आएको पाइन्छ ।

विद्यालयमा शैक्षिक गतिविधिहरू उद्देश्य र नियमबमोजिम चले, नचलेको हेर्न र प्रशासकीय नियन्त्रण समेत राख्न नै निरीक्षण कार्यको थालनी वि.सं. १९९८ मा चिफ

इन्स्पेक्टर स्कुल अफिस स्थापनाबाट सुरु भयो । वि.सं. २००४ सालमा प्रशासनिक दृष्टिकोणले क्षेत्रीयताका आधारमा स्कुल अफिस स्थापना गरी सो कार्यालयबाट विद्यालय निरीक्षण कार्य गर्न थालियो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तनपछि शिक्षा मन्त्रालयको स्थापना भई निरीक्षणलाई प्रभावकारी बनाउन केन्द्रमा चिफ इन्स्पेक्टर अफ स्कुल पद सृजना गरियो । त्यसपश्चात् राजनीतिक परिवर्तनसँगै निरीक्षकको भूमिकामा समेत परिवर्तन भयो । विद्यालय सङ्ख्याको वृद्धिसँगै वि.सं. २०१० सालमा मुलुकलाई सात डिभिजन गरी डिभिजनल इन्स्पेक्टर अफ स्कुल अफिस खडा गरी विद्यालय निरीक्षणको काम क्षेत्रीय इकाइबाट हुन थाल्यो । वि.सं. २०१८ सालपछि देशका ७५ वटै जिल्लाहरूमा जिल्ला शिक्षा निरीक्षक नियुक्त गरी विद्यालय निरीक्षणको कार्य अघि बढाइयो । वि.सं. २०२७ साल आएर शैक्षिक नीति, नियमलाई परिमार्जन गर्दै २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी जिल्लामा जिल्ला शिक्षा निरीक्षकको कार्यालय खडा गरियो (पण्डित, २०५४) ।

वि.सं. २०२८ सालमा लागु गरिएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यालय सुपरिवेक्षण लाई वैज्ञानि ढङ्गबाट अघि बढाएको देखिन्छ । प्रशासनिक निरीक्षण र विद्यालय निरीक्षणलाई स्पष्ट रूपमा सीमाङ्कन गरी विद्यालय निरीक्षणलाई प्रभावकारी बनाउन प्रा.वि.नि., नि.मा.वि.नि. र मा.वि.नि. गरी तीन तहका तालिमप्राप्त निरीक्षकहरूबाट विद्यालय निरीक्षणको व्यवस्था गरियो । शिक्षा नियमावलीमा नै निरीक्षकको काम, कर्तव्य र अधिकार किटान समेत गरी विद्यालय निरीक्षणको कार्यलाई मार्गदर्शन गरेको पाइन्छ । यस योजनाले शिक्षण कार्यलाई व्यवस्थित बनाउन निरीक्षक र विद्यालयको अनुपात उपत्यका र तराईमा प्राविमा १:३०, निमाविमा १:१५ र माविमा १:१०; पहातमा प्राविमा १:२०, निमाविमा १:१० र माविमा १:७ गरियो । रा.शि.प.यो. २०२८ ले निरीक्षणलाई स्पष्ट व्यासायिक, शैक्षिक कार्यका रूपमा अघि बढाउन निरीक्षकको काम, कर्तव्य र अधिकार समेत तोकियो । रा.शि.प.यो मध्यावधि मूल्याङ्कन २०३३ र पूर्णावधि मूल्याङ्कन २०३८ ले दिएको प्रतिवेदन अनुसार निरीक्ष्ण क्षेत्रलाई सुधार गर्न वार्षिक कार्यक्रम बनाउनुपर्ने, निरीक्षण नियमित गर्नुपर्ने र निरीक्षकलाई जिल्ला शिक्षा अधिकारीको प्राविधिक सहयोगीका रूपमा प्रस्तुत गर्नुपर्ने व्यवस्था गरियो । सुपरिवेक्षणका निम्ति क्षेत्रीय शिक्षा निर्देशनालयबाट सभा, बैठक र तालिम व्यवस्था गर्नुपर्ने भयो (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६२) ।

विद्यालय निरीक्षण कार्यलाई प्रभावकारी बनाउन २०३७/०३८ सालमा निरीक्षण एकाइ परियोजनाको थालनी भयो । २०३८/०३९ सालमा ग्रामीण विकास निम्ति शिक्षा विकास परियोजना नामक सेती परियोजना लागु गरियो । सेती परियोजना लागु भएसँगै विद्यालयहरूको समूह बनाई विद्यालयहरूलाई पायक पर्ने मा.वि.लाई स्रोतकेन्द्र बनाउने अवधारणा प्रचलनमा ल्याइयो । नियमित अनुगमन र निरीक्षण गर्ने कार्य स्रोतकेन्द्रवाला विद्यालयले गर्ने व्यवस्था मिलाइयो । वि.सं. २०४२ सालमा प्राथमिक विद्यालय परियोजना अनुसार स्रोतकेन्द्र अवधारणा कायम राखी सुपरीवेक्षकको जिम्मेवारी स्रोतव्यक्तिलाई तोकिएको पाइन्छ । स्रोतव्यक्तिको प्रमुख दायित्त्व आफ्नो स्रोतकेन्द्रभित्रका समूह विद्यालयहरूको निरीक्षण गरी शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउनु रहेको थियो । वि.सं. २०४९/०५० मा विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सहयोगमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्थापना गरियो । पहिलो चरणमा १९ जिल्ला, दोस्रो चरणमा ६ जिल्ला र तेस्रो चरणमा १५ जिल्ला गरी ४० जिल्लामा चरणबद्ध योजना लागु गरियो । प्राथमिक शिक्षा परियोजनामा जस्तै आधारभूत तथा प्राथमिक शिक्षा परियोजनामा सञ्चालित कार्यक्रमहरूको कार्यान्वयन गर्ने तल्लो निकाय स्रोतकेन्द्र निर्धारण भएकाले कार्यक्रमको सफल कार्यान्वयन र प्रगतिमा स्रोतकेन्द्र र स्रोतव्यक्तिको भूमिका सर्वोपरि रहेको पाइन्छ । यसरी यस परियोजनामा पनि स्रोतकेन्द्र स्थापना गरी निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने प्रयत्न भएको पाइन्छ शिक्षा विभाग, २०५९) ।

हाल आएर देशका ७५ वटै जिल्लामा विद्यालय सुपरिवेक्षणमा प्रभावकारिता ल्याउनका लागि २०-२५ विद्यालयहरूको एउटा विद्यालय समूह बनाई तिनीहरूलाई बीचमा पर्ने स्रोतसाधनयुक्त विद्यालयलाई स्रोतकेन्द्र विद्यालय कायम गरिएको छ । स्रोतकेन्द्रभित्र पर्ने विद्यालयहरूबाट पुरुषका हकमा ५ वर्ष र महिलाका हकमा अढाइ वर्ष स्थायी सेवा अवधि पुगेका माध्यमिक शिक्षकलाई स्रोतव्यक्तिका रूपमा छनोट गरी सुपरिवेक्षणको जिम्मेवारी दिइएको छ । योजना तर्जुमा, कार्यक्रम र बजेट तयारी, स्थानीय स्रोतको परिचालन, शैक्षिक कार्यक्रमहरूको सुपरिवेक्षण र अनुगमन लगायत स्रोतकेन्द्रको व्यवस्थापकीय कार्यहरू प्रमुख रूपमा गर्न स्रोँत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदेन अध्यक्ष, स्रोतव्यक्ति सचिव र सदस्य विद्यालयहरूमा समूह विद्यालयका अध्यक्षहरू मध्येबाट ३ जना, स्थानीय शिक्षाप्रेमी मध्येबाट सम्बन्धित गाविस वा नगरपालिकाबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनित ३ जना, स्रोतकेन्द्र विद्यालयका प्रधानाध्यापक पदेन

सदस्य र समूह विद्यालयका प्रधानाध्यापकहरूबाट २ जना सदस्य रहने गरी स्रोतकेन्द्र व्यवस्थापन समिति रहने व्यवस्था छ ।

यसरी स्रोतकेन्द्र स्थापनापश्चात् विद्यालय सुपरिवेक्षणबाट सिकाइउपलब्धि र गुणस्तरमा केकस्तो प्रभाव पारेको छ ? स्रोतकेन्द्रले विद्यालय सुपरिवेक्षण गर्दा अपनाउँदै आएको तरिका कस्तो छ ? वि.व्य.स., प्र.अ., स्रोतव्यक्ति र वि.नि.हरूबाट कसरी सुपरिवेक्षण भइरहेको छ ? त्यसको प्रभावकारिता कस्तो रहेको छ ? सुपरिवेक्षणको जिम्मेवारी पाएका निकायहरूबाट कतिको जिम्मेवारी बहन भइरहेको छ ? जिल्ला शिक्षा कार्यालयबाट विद्यालय सुपरिवेक्षण सम्बन्धी अपनाएको रणनीति र कार्यनीति कस्तो छ ? सुपरिवेक्षण कत्तिको नियमित हुने गरेको छ ? विद्यालय सुपरिवेक्षणका समस्याहरू केके हुन् र केकस्ता साधनहरू अपनाउन सकिन्छ ? सुपरीवेक्षकहरूले दिएका निर्देशन, सल्लाह, सुझाव कसरी कार्यान्वयन गरिएको छ ? जस्ता पक्षहरूको गहन खोज र अध्ययन गर्न स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणमा सम्बन्धित विद्यालयहरूमा शैक्षिक गुणस्तर उकास्न केकक्स्तका सहयोग पुऱ्याएका छन्, शैक्षिक सुपरिवेक्षणमा केकस्ता रणनीतिहरू अपनाएका छन्, शैक्षिक समस्याहरू समाधान गर्न केकस्ता उपायहरू अपनाएका छन्, सुपरीवेक्षकले दिएका सल्लाह, सुझावहरू कार्यान्वयन गरिएको छ वा छैन जस्ता गहन पक्षहरूको खोज, अध्ययन, अनुसन्धान गर्न विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका विषयमा यो अध्ययन, अनुसन्धान गरिएको छ ।

## १. २. समस्याको कथन

शैक्षिक गतिविधिहरूलाई प्रभावकारी ढङ्गबाट अघि बढाई शतप्रतिशत लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि शैक्षिक सुपरिवेक्षणको भूमिका गहन हुन्छ । यसका लागि आधुनिक सुपरिवेक्षणको ध्येय पनि शिक्षकलाई पेसागत सहयोग, समर्थन र प्रोत्साहन गरी अपेक्षित शैक्षिक सुधार विकास गर्नु हो तर नेपालको सन्दर्भमा सुपरिवेक्षणको जिम्मेवारी पाएका व्यक्तिमा निहित सेवाको विशिष्टता, दक्षता र प्राविधिक पक्षले सम्बन्धित क्षेत्रमा प्रभाव पारी सुधार गर्न सकेको छैन ।

विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन हाल देशमा स्रोतकेन्द्र र स्रोतव्यक्तिको अवधारणालाई अघि बढाइएको भए तापनि स्रोतव्यक्तिबाट मातहतका विद्यालयका वि.व्य.स., प्र.अ. र शिक्षकहरूसँग समन्वय गरी प्रभावकारी सुपरिवेक्षण गर्न सकिएको छैन ।

माथिल्लो निकाय विद्यालय सुपरिवेक्षणका लागि विद्यालय निरीक्षक र स्रोतव्यक्तिमा बढी निर्भर रहेको छ तर शैक्षिक प्रणालीमा नै निरीक्षण कि सुपरिवेक्षण ? जस्ता कुरामा अल्मलिएको अवस्था छ । फलस्वरूप निरीषक र स्रोतव्यक्तिबाट प्रशासनिक निरीक्षण हुनुका साथै तथ्याङ्क सङ्कलनमा सीमित हुनु आदिले विद्यालय सुपरिवेक्षणलाई झन् लथालिङ्ग बनाएको छ । विद्यालय सुपरिवेक्षण नियमित हुन नसक्नु, सुपरिवेक्षण भए/नभएको अनुगमन नहुनु र यदाकदा सुपरिवेक्षण भए पनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिले दिएका सुझाव, सल्लाह, निर्देशनहरूको बेवास्ता गर्नुले हालसम्म देशमा विद्यालय सुपरिवेक्षणका समस्या ज्युँका त्युँ रहेको छ ।

सम्पूर्ण रूपमा शैक्षिक क्रियाकलापलाई सुधार गर्ने सुपरिवेक्षणको अवस्था अस्तव्यस्त छ । तसर्थ विद्यालय सुपरिवेक्षणमा सबैभन्दा बढी लगानी गर्नुपर्ने, स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिको भूमिका झन् प्रभावकारी छैन । स्रोतव्यक्तिले कसरी सुपरिवेक्षण गरिरहेका छन् र त्यसको प्रभाव कस्तो छ ? स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षणलाई औचित्यपूर्ण बनाउन केकस्ता कार्यहरू गरिनुपर्दछ ? स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरू र तिनका समस्या समाधानका उपायहरू केके हुन् ? स्रोतव्यक्तिबट हुने गरेका विद्याल सुपरिवेक्षणलाई नियमित र अर्थपूर्ण बनाउन उपल्लो निकायबाट केकस्ता प्रयासहरू गरिएका छन् ? विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक अभिभावक संघ जस्ता पक्षहरूलाई समेत विद्यालय सुपरिवेक्षणमा क्रियाशील कसरी बनाउन सकिन्छ ? भन्ने जस्ता प्रश्नहरू हालसम्म अनुत्तरित रहेको अवस्थामा र स्रोतव्यक्तिबाट गर्नुपर्ने विद्यालय सुपरिवेक्षणको कार्यले अपेक्षित लक्ष्य प्राप्त गर्न नसकेको स्थितिलाई वास्तविक रूपले उजागर गर्ने अन्य अनुसन्धानात्मक कार्य नभएकाले यस शीर्षकलाई चयन गरिएको हो ।

## १. ३. अध्ययनको औचित्त्य

हाम्रोजस्तो भौगोलिक विकटता भएको मुलुकमा फरक किसिमका सीमित स्रोतसाधन भएका विद्यालयलाई स्रोतसाधन उपलब्ध गराउने, विद्यालय, शिक्षक तथा प्रधानाध्यापकलाई परेका समस्याहरूको समाधान गर्ने, विद्यालय व्यवस्थापनको सुधार गर्ने र शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने जस्ता कार्यहरूलाई नियमित विद्यालय सुपरिवेक्षण मार्फत् सम्पन्न गर्न स्रोतव्यक्तिको व्यवस्था गरिएको छ । तर स्रोतव्यक्तिबाट हुनुपर्ने

भूमिका यथोचित नहुनुबाट दिनानुदिन अधिकांश सरकारी विद्यालयको शैक्षिक गुणस्तर ह्रास भएको अवस्था छ । राष्ट्रले विद्यालय सुपरिवेक्षण सम्बन्धी बनाएका नीति, नियम, ऐन, कानुनलाई सर्वोपरि रूपले कार्यान्वयनमा ल्याउयन स्रोतव्यक्ति असफल भएको अवस्था छ । यसरी विद्यालय सुपरिवेक्षणको जिम्मेवारी पाएको स्रोतव्यक्तिले कसरी विद्यालय सुपरिवेक्षण गरिरहेका छन् ? यसको प्रभाव कस्तो छ ? स्रोतव्यक्तिले कसरी कुशल शैक्षिक सुपरिवेक्षणको भूमिका निर्वाह गर्नसक्छन् ? भन्ने जस्ता कुराहरूको वास्तविकता पत्ता लगाउनु यो अनुसन्धानको औचित्य रहेको छ । यस अनुसन्धानबाट विद्यालय सुपरिवेक्षण सुधार गर्न र प्रभावकारी बनाउन सहयोग प्राप्त हुनुका साथै कयौं शैक्षिक समस्याहरू समाधान र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न समेत फाइदा पुग्नेछ भन्ने आशा गरिएको छ ।

यस अनुसन्धानबाट आएका प्राप्तिहरूलाई जिल्ला शिक्षा कार्यालय, विद्यालय निरीक्षक, प्र.अ., वि.व्य.स. र मुख्य रूपमा स्रोतव्यक्तिलाई विद्यालय सुपरिवेक्षणलाई सही र ठोस गति प्रदान गर्न उपयोगी बन्ने छ । विद्यालय सुपरिवेक्षणको अख्तियारी प्राप्त माथिललो निकायदेखि तल्लो निकायसम्मका सरोकारवाला पक्षहरूलाई विद्यालय सुपरिवेक्षणमा सुधार गर्नुपर्ने कुराको बोध हुनेछ । विद्यालय सुपरिवेक्षण सम्बन्धित सुधारात्मक नीति, नियम निर्धारण गर्न, योजना बनाउन र कार्यान्वयन गर्न जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र अन्य निकायहरूलाई समेत आधार प्रदान गर्नेछ । प्रभावकारी विद्यालय सुपरिवेक्षणबाट शैक्षिक गुणस्तर अभिवृद्धि गर्न चाहने व्यक्ति, सरकारी, गैरसरकारी संघसंस्था, बुद्धिजीवी, योजनाकार, शिक्षाविद् अनुसन्धानकर्ता आदिलाई यस विषयमा थप अनुसन्धान गर्न चाहेमा केही मात्रामा भए पनि सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ ।

## १. ४. अध्ययनका उद्देश्य

यस अध्ययनका निम्न उद्देश्य रहेका छन् :

क) स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणको अवस्था पत्ता लगाउने,

ख) स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण गर्ने,

ग) विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई आइपर्ने समस्या पहिचान गरी समाधानका उपायहरू प्रस्तुत गर्ने ।

## १. ५. अनुसन्धानात्मक प्रश्नहरू

क) स्रोतव्यक्तिबाट वर्तमान अवस्थामा विद्यालय सुपरिवेक्षण कसरी गर्ने गरिएको छ ?

ख) स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरू केके हुन् ?

ग) स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षणका समस्या र समाधानका उपायहरू केके हुनसक्छन् ?

## १. ६. अध्ययनको परिसीमा

मोरङ जिल्लाको रङ्गेली स्रोतकेन्द्र अन्तर्गत रहेका ३३ वटा सामुदायिक विद्यालयहरू मध्ये सीमित स्रोत, साधन, समय र अन्य बाध्यताहरूका कारणले ६ वटा सामुदायिक विद्यालयहरू जसमा २ वटा उमावि, एउटा मावि, एउटा निमावि र २ वटा प्राविलाई मात्र यस अध्ययनको परिसीमाभित्र राखेर विद्यालय सुपरिवेक्षणम स्रोतव्यक्तिको भूमिका पत्ता लगाउने प्रयास गरिएको छ।

## १. ७. शब्दावलीको परिभाषा

| | | |
|---|---|---|
| अभिभावक | : | विद्यालयमा अध्ययन गर्ने बालबालिकाका आफन्त व्यक्ति भन्ने बुझिन्छ। |
| विद्यालय निरीक्षक | : | विद्यालयको सुपरिवेक्षण गर्ने अधिकारप्राप्त नेपाल सरकारको कर्मचारीलाई जनाउँछ। |
| शैक्षिक सुपरिवेक्षण | : | विद्यालयको अवलोकन, अनुगमन गरी शैक्षिक वतावरण सुधारका लागि आवश्यक सहयोग पुऱ्याउने कार्यलाई बुझाउँछ। |
| विद्यालय व्यवस्थापन समिति | : | विद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्न निश्चित समयका लागि छनोट भएका व्यक्तिहरूको समूहलाई जनाउँछ। |
| सामुदायिक विद्यालय | : | सरकारी अनुदानप्राप्त विद्यालयहरूलाई बुझाउँछ। |
| स्रोतकेन्द्र | : | पायक पर्ने निश्चित विद्यालयहरूको समूहलाई बुझाउँछ। |
| स्रोतव्यक्ति | : | स्रोतकेन्द्र सञ्चालनका लागि खटिएको व्यक्ति भन्ने बुझिन्छ। |
| शिक्षक अभिभावक संघ | : | विद्यालयका सम्पूर्ण शिक्षक र अभिभावकहरू सम्मिलित विद्यालयको सामाजिक परीक्षणको जिम्मेवारी पाएको संगठनलाई जनाउँछ। |
| शैक्षिक सत्र | : | अघिल्लो वैशाखदेखि चैत्र मसान्तसम्मको एक वर्षको शैक्षिक वर्ष भन्ने बुझ्नु पर्दछ। |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

ढुङ्गाना (२०५९) काअनुसार धेरैजसो स्रोतव्यक्तिहरूको विद्यालय निरीक्षण कार्य सतहगत छ । सतहगत निरीक्षणले शिक्षण सिकाइ क्रियाकलापमा परिवर्तन ल्याउन सक्दैन । स्रोतव्यक्तिले गर्नुपर्ने एकमात्र प्रमुख कार्य विद्यालय निरीक्षण र शिक्षकलाई पेसागत सहयोग पुऱ्याउनु हो । प्रत्येक महिना (विद्यालय खुलेको) मा कम्तीमा १० दिन समय विद्यालय सुपरिवेक्षणका लागि छुट्याउनु पर्दछ । पेसागत रूपले शिक्षकलाई सहयोग पुऱ्याउँछु भनेर प्रतिबद्ध नभई गरेको सुपरिवेक्षण सतहगत हुन्छ ।

शिक्षक मासिक (२०६७) काअनुसार वर्तमान अवस्थासम्म स्रोतव्यक्तिको व्यवस्थापन शिक्षा विभागको परिपत्रका आधारमा हुँदै आएको छ । शिक्षा विभागका उपनिर्देशक जीवन शर्मा पौडेललाई उद्धृत गर्दै उक्त पत्रिकामा उल्लेख भएअनुसार स्रोतव्यक्तिबारे स्पस्ट व्यवस्था नहुँदा स्कुल सुपरिवेक्षण र अन्य शैक्षिक कार्यक्रममा देखिएका विभिन्न समस्याहरू स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६७ जारी भएपछि व्यवस्थित हुनेछन् । शिक्षा विभागका अनुसार विद्यालय सुपरिवेक्षणका लागि हाल देशव्यापी रूपमा एक हजार एकासी स्रोतकेन्द्रहरू रहेका छन् । मावि तहमा पाँच वर्ष सेवा अवधि पुगेका योग्य शिक्षकहरूलाई स्रोतव्यक्तिका रूपमा नियुक्त गरिएको भए तापनि स्कुलको सुपरिवेक्षण, तालिम सञ्चालन, शिक्षकलाई सल्लाह दिने जस्ता तोकिएका जिम्मेवारीप्रति उत्तरदायी नभएको भन्दै स्रोतव्यक्तिको कार्यशैलीप्रति प्रश्न उठ्दै आएको छ ।

पोखरेल (२०६२) काअनुसार अभिभावकमा चेतनाको कमीले विद्यार्थी संख्या न्यून रहेकाले जनचेतना जगाउनेखाले गोष्ठी, सेमिनार, छलफल गर्ने/गराउने तथा शिक्षक, वि. व्य. स., विद्यालय निरीक्षक र स्रोतव्यक्तिले विशेष भूमिका खेल्नुपर्ने, विद्यार्थी तथा शिक्षकको उपस्थिति बढाउन नियमित सुपरिवेक्षण हुनुपर्ने, कमजोर शिक्षण सिकाइ तथा फितलो परीक्षा प्रणाली रहेको तथा शिक्षक स्टाफ बैठक र वि. व्य. स. बैठक नियमित बस्ने नगरेको, वि. नि. को दरबन्दी कम रहेको, विषयगत वि. नि. नरहेका र उनीहरू लामो समयसम्म काजमा बाहिरै बस्ने गरेका, प्र. अ. ले दैनिक ६/७ पिरियड पढाउनुपर्ने भएकै कारण प्र. अ. बाट सुपरिवेक्षण हुन नसकेको, नमूना कक्षा प्रदर्शन र कक्षा अवलोकन नभएको, निरीक्षकबाट दिइएको निरीक्षण प्रतिवेदन जि. शि. अ. बाट तत्काल कार्यान्वयन नभएको र यसमा राजनीतिक दबाब रहने गरेको तथा वि. नि. को दरबन्दी पूरा हुनुपर्ने,

वि. नि. र स्रोतव्यक्तिहरूबाट सुपरिवेक्षण कार्य नियमित हुनुपर्ने, प्र. अ. का लागि तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्नुपर्ने, निरीक्षकलाई थप भत्ता र सुविधा दिएर सुपरिवेक्षणलाई प्रभावकारी पारिनुपर्ने जस्ता कुरा पोखरेलले आफ्नो शोध अध्ययनमा उल्लेख गर्नुभएको छ ।

सेरिड (२०६४) काअनुसार स्रोतकेन्द्रबाट सञ्चालन हुने कार्यक्रम प्रक्रियाको विश्लेषण गर्दा स्रोतव्यक्तिको विद्यालय निरीक्षण भार अधिक भएकाले उनीहरूको कार्यक्षमतामा ह्रास देखियो । स्रोतव्यक्तिलाई आफ्नो मातहतका विद्यालयमा सञ्चालित छात्रवृत्ति, विद्यालय सुधार कार्यक्रमबारे जानकारी नभएको पाइएको र संरचनात्मक अवस्था हेर्दा कतिपय जिल्लामा स्रोतकेन्द्रको आफ्नै भवन नभई स्रोतव्यक्तिले प्रधानाध्यापकको कोठामा बसी आफ्नो कार्य सञ्चालन गर्नुपर्ने अवस्था रहेको उल्लेख छ । कस्तो भौतिक वातावरणमा एक स्रोतव्यक्तिले कति विद्यालय हेर्नुपर्ने नियमावलीमा किटान गरी स्रोतव्यक्तिलाई शैक्षिक सुधार कार्यक्रमबाट अभिमुखीकृत गरिनुपर्छ । स्रोतकेन्द्र र विद्यालयले सबैका लागि शिक्षामा उल्लेख भएको तलदेखि माथि योजना प्रणालीको आधारमा वार्षिक कार्यक्रम बनाइ कार्यान्वय गर्नुपर्ने सुझाव पनि उक्त प्रतिवेदनमा दिइएको छ । विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई शैक्षिक सुधारका सबै कार्यक्रमहरूमा सहभागी गराउनुपर्ने र स्रोतकेन्द्रलाई जिल्ला शिक्षा कार्यालय र विद्यालयबीचको सञ्चार प्रवाह गर्ने निकायका रूपमा विकास पर्दछ ।

श्रेष्ठ (२०५८) काअनुसार जिल्लाका अधिकांश शिक्षक तालिम अप्राप्त भएकाले विषयगत रूपमा छोटो तथा लामो अवधिका तालिम दिइनुपर्ने; जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा विद्यालयहरूले शिक्षण सिकाइमा सुधार ल्याउन समुदायमा सञ्चालित विभिन्न संघसंस्थासँग समन्वय गरी आवश्यकताअनुसार सहयोग लिनुपर्ने सुझाव दिएको छ । त्यस्तै विद्यालय निरीक्षकलाई पर्याप्त भत्ता उपलब्ध नहुने भएकोले विद्यालयको नियमित निरीक्षण हुन नसकेको देखिएकोले सरकारी स्तरबाटै निरीक्षकलाई पर्याप्त भत्ताको व्यवस्था गरी शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्ने सुझाव पनि दिएको छ । शोध अध्ययनले राजनीतिलाई शिक्षण सिकाइ क्रियाकलापको मुख्य बाधकको रूपमा औंल्याएको छ । शिक्षा नियमावलीमा दण्ड र पुरस्कारको व्यवस्था भएको भए पनि शिक्षण सिकाइमा यसको प्रयोग नभएको उल्लेख गर्दै शोधकर्ताले विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन तालिमप्राप्त तथा योग्य शिक्षक भर्ना गरिनुपर्ने र विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मा समुदायलाई हस्तान्तरण गर्नुपर्ने सुझाव पनि दिएका छन् ।

लम्साल (२०६२) काअनुसार विद्यालय सुपरिवेक्षण शैक्षिक पक्षहरूको लेखाजोखा गर्नमा केन्द्रित रहन्छ । अधिकारमुखी निरीक्षण पद्धतिलाई परिवर्तन गरी शिक्षकलाई पेसागत सहयोग र सरसल्लाह दिने किसिमको सुपरिवेक्षणको अवधारणा आएको छ । सुपरीवेक्षक र शिक्षकबीचमा घनिष्ट सम्बन्धले सहज छलफल र समस्या निराकरणमा सहमतिका अवस्थाहरू सिर्जना हुन सक्छन् । फलस्वरूप सुपरिवेक्षणले प्रभावकारिता ल्याउँछ भन्ने भए तापनि विद्यालय सुपरिवेक्षणको जिम्मेवारी पाएको स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिबाट नीतिगत तथा कार्यक्रमगत रूपमा तोकिएझैँ विद्यालय सुपरिवेक्षण भएको छैन भन्नु अत्युक्ति नहोला । स्रोतव्यक्तिबाट परम्परागत रूपमा तथ्याङ्क र सूचना सङ्कलन कार्यहरू मात्र भएको छ । यस्तो अवस्था आउनुमा स्रोतव्यक्तिमा निरीक्षण सुपरिवेक्षणको क्षमता, आधारभूत संभारतन्त्र तथा सुविधा आवश्यकता अनुसार नहुनु हो । सुपरिवेक्षण नितान्त प्राविधिक कार्य भएकाले निरीक्षक र स्रोतव्यक्तिमा विषयको ज्ञान, सीप आदि हुन जरुरी भए पनि हाल विद्यालय निरीक्षक र स्रोतव्यक्ति विषयगत रूपमा नभई साधारण अवधारणामा ल्याइएको छ । जसका कारण शिक्षकहरू स्रोतव्यक्ति र निरीक्षकको सहयोगप्रति सकारात्मक बन्न सकेको अवस्था छैन । विद्यमान यस प्रकारका समस्याबाट मुक्त हुनका लागि समूह विद्यालयका विषय विशेषज्ञहरूबाट स्रोतव्यक्ति छनौट हुनुपर्ने, निरीक्षक र स्रोतव्यक्तिहरूलाई आधारभूत सीप, क्षमता अभिवृद्धिको आवश्यकता अनुसारको तालिम, गोष्ठीको व्यवस्था गर्नुपर्ने, सेवाकालीन पुनर्ताजगी तालिम, गोष्ठी निरन्तर दिनुपर्ने, स्रोतकेन्द्रस्तरीय विषयगत समितिहरूको व्यवस्था र विषयगत समितिहरूका विधि, क्रियाकलापहरूलाई समेटी मासिक बुलेटिन प्रकाशन गर्नुपर्ने, भौगोलिक क्षेत्रका आधारमा र विद्यालय सङ्ख्याका आधारमा स्रोतव्यक्ति निर्धारण गर्नुपर्ने, स्रोतव्यक्ति र निरीक्षकलाई जिम्मेवार बनाई विद्यालयको समग्र पक्षको पुनरावलोकन गर्न लगाउनुपर्छ । विशेषज्ञहरूको समूहबाट प्रत्येक ३ वर्षमा विद्यालय अवलोकन गरी स्रोतकेन्द्रस्तरमा, जिल्लास्तरमा र राष्ट्रियस्तरमा विद्यालयहरूको स्तर निर्धारण गरी प्रकाशन गर्नुपर्छ ।

शिक्षा ऐन (२०२८) शिक्षा तथा खेलकुदसम्बन्धी केही नेपाल संशोधन गर्ने ऐन, २०६३ मा विद्यालय सुपरिवेक्षणसम्बन्धी निम्न व्यवस्था भएको पाइन्छ :

क) ऐनको दफा २ मा विद्यालय शिक्षालाई विभिन्न तह र किसिममा परिभाषित गरी राखिएको छ । दफा ७ मा शिक्षाको माध्यम र दफा ८ मा पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी व्यवस्था गरिएको छ ।

ख) ऐनको दफा ८, ९ र १० मा क्रमशः शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयको व्यवस्था गरिएको छ ।

ग) जिल्लाभित्रका विद्यालयहरूको रेखदेख, व्यवस्थापन तथा विभिन्न विद्यालयहरूबीच हुने समन्वय गर्ने काम समेतका लागि प्रत्येक गाविसमा दफा ११ (ट) मा गाउँ शिक्षा समिति, सामुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा दफा १२ बमोजिम विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको छ ।

घ) विद्यालय अध्यापन कार्यका लागि नयाँ शिक्षक नियुक्त हुँदा ऐनको दफा ११ (ड) बमोजिम अध्यापन अनुमतिपत्र लिनुपर्ने जस्ता कुराहरूको व्यवस्था हुनुले सफलतापूर्वक कार्यान्वय भएको खण्डमा सुपरिवेक्षण साँच्चिकै प्रभावकारी हुने देखिन्छ ।

शिक्षा नियमावली (२०५९) शिक्षा चौथो संशोधन नियमावली, २०६६ मा ३३ वटा परिच्छेदका १९५ वटा नियमहरूभित्र सुपरिवेक्षणसम्बन्धी व्यवस्था निम्नअनुसार भएको पाइन्छ :

क) शिक्षा ऐनमा व्यवस्था भएका कानुनी कुराहरूलाई कार्यान्वयन पक्षमा ल्याउनका लागि शिक्षा नियमावलीमा महानिर्देशक, निर्देशक, जिल्ला शिक्षा अधिकारी तथा सुपरीवेक्षकका निमित्त सृजित पद विद्यालय निरीक्षक समेतको विस्तृत रूपमा काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ ।

ख) विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समिति तथा शिक्षक अभिभावक संघले खेल्नुपर्ने महत्त्वपूर्ण भूमिकासहित व्यवस्था गरिएको छ ।

ग) शिक्षकको नियुक्तिदेखि उनीहरूका सेवा सुविधाहरू, परीक्षा प्रणाली, तालिम तथा प्रशिक्षणसम्बन्धी व्यवस्था, अतिरिक्त क्रियाकलाप, शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता, पुरस्कार र दण्डको समेत व्यवस्था गरिएको छ ।

घ) विद्यालयको आन्तरिक प्रशासनदेखि शैक्षिक सुपरिवेक्षणको भूमिका निभाउने गरी कुशल प्रधानाध्यापकको नियुक्तिका साथै काम, कर्तव्य र अधिकार समेतको नियमावलीमा व्यवस्था गरिएको पाइन्छ (नेपाल कानुन व्यवस्था समिति, २०६३) ।

मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय (२०६०/६१) ले उक्त विकास क्षेत्रका १५ जिल्लाका २११ स्रोतकेन्द्रको शैक्षिक विकासमा भूमिका पत्ता लगाउने उद्देश्यले एक अध्ययन गरेको थियो । स्रोतकेन्द्रको वर्तमान अवस्थाको चित्रण गर्ने, स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धि र प्रतिफलको पहिचान गर्ने तथा शैक्षिक गुणस्तर सुधारमा स्रोतकेन्द्रले खेलेको भूमिका पहिचान गर्ने उद्देश्य राखी गरिएको उक्त अध्ययनले स्रोतकेन्द्रबाट समग्र शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न सकिने निष्कर्ष निकालेको छ । प्रतिवेदनमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको सुरुवात भएयता चरणबद्ध

रूपमा मुलुकभरि स्थापित स्रोतकेन्द्रबाट स्रोतव्यक्तिमार्फत समूह विद्यालयहरूको सुपरिवेक्षण गराउने सरकारी नीतिअनुरूप शिक्षाको राष्ट्रिय उद्देश्य पूर्तिका लागि स्रोतव्यक्तिहरूले थप जिम्मेवारी बहन गर्नुपर्ने सुझाव दिइएको छ । शिक्षा क्षेत्रको लामो अनुभव हासिल गरेका निरीक्षक, शाखा अधिकृत, वरिष्ठ प्रशिक्षक तथा निर्देशकहरूका सुझावहरू समेत समेटिएको उक्त प्रतिवेदनमा वर्तमानमा भएका कमी कमजोरीलाई निराकरण गर्न खेल्नुपर्ने भूमिका समेत उल्लेख गरिएको छ ।

शर्मा (२०५९) का अनुसार दिनप्रतिदिन बढ्दै गरेको विद्यालय सङ्ख्याले गर्दा जिल्ला सदरमुकामस्थित जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूको रेखदेख तथा स्तरीय शैक्षिक निरीक्षण अनुगमन गरी शैक्षिक सुधारमा टेवा दिन सम्भव नभएर नै स्रोतकेन्द्रको अवधारणा ल्याइएको हो । शिक्षकहरूलाई शैक्षिक टेवा पुगोस्, शैक्षिक क्रियाकलापमा आइपरेका समस्याहरू समाधान गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले शिक्षण अनुभव बटुलेका शिक्षकहरूबाट स्रोतव्यक्ति राख्ने व्यवस्था गरिएको छ । स्रोतव्यक्तिको प्रमुख कार्य नै शिक्षकहरूलाई पेसागत रूपमा शैक्षिक सेवा प्रदान गर्नु हो । त्यसको हुन सकेमा मात्र शैक्षिक क्षति कम हुनुका साथै गुणात्मक शिक्षामा अभिवृद्धि हुनसक्छ । स्रोतव्यक्तिले आफ्ना समूह विद्यालयका शिक्षकहरूको स्तर कस्तो छ, कुन कुन पक्षमा सहयोग गर्नुपर्ने हो भन्ने थाहा पाउनु जरुरी हुन्छ । साथै स्रोतव्यक्ति स्वयम् ती विषयहरूमा दक्ष हुनुपर्छ । दक्ष व्यक्तिबाट नै शिक्षकका समस्याहरू हल हुन सक्दछन् र शिक्षकहरूको कक्षा शिक्षण क्रियाकलापमा पेसागत सहयोगको अपेक्षा गर्न सकिन्छ । स्रोतव्यक्ति शैक्षिक कमजोरी भएका शिक्षकहरूका लागि पेसागत टेवा दिने व्यक्ति हो । त्यसैले उसले शिक्षकहरूका शैक्षिक कठिनाइहरू हटाइ उत्साह प्रदान गर्न सक्नुपर्दछ जसले गर्दा शिक्षकको शैक्षिक क्रियाकलापमा सुधार आई गुणात्मक शिक्षा दिन सकियोस् ।

## २. २. **सैद्धान्तिक खाका**

वाइल्स (१९३७) ले शैक्षिक सुपरिवेक्षणको सिद्धान्त अनुसार शिक्षण सुधारका लागि सुपरिवेक्षण कार्य शिक्षकहरूलाई अभिप्रेरित गर्नु, समन्वय गर्नु र निर्देशन दिनु हो । जसको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ र बौद्धिक विकासका लागि शैक्षिक वातावरण तयार गर्नु, शिक्षकहरूको सूक्षम मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । शिक्षकहरूको पेसागत दक्षताका लागि सहयोग पु¥याउन र राम्रो शिक्षण सिकाइ वातावरण तयार गरी शिक्षक र विद्यार्थीहरूलाई निरन्तर विकासमा उत्प्रेरित गर्ने, सुपरिवेक्षकले शैक्षिक लक्ष्यहरू र उद्देश्यहरू प्राप्तिमा शिक्षक र विद्यार्थीहरूलाई सहयोग गर्नुपर्ने र सो

सम्बन्धमा अवलोकन, मूल्याङ्कन, निर्देशन दिनुपर्ने कुरा उल्लेख गरेका छन् (शर्मा एण्ड शर्मा, २०५७ बाट उद्धृत) ।

यसरी शैक्षिक सुपरिवेक्षणको सिद्धान्तले विद्यालय सुपरिवेक्षणमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । विद्यालय सुपरिवेक्षणमा शैक्षिक सुपरिवेक्षण सिद्धान्तको प्रयोगलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिले सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट अगाडि बढाउन शिक्षकहरूको शिक्षण दक्षता बढाउन तालिमको व्यवस्था गरिएको छ । विद्यार्थीहरूको उपलब्धि मापन गर्ने विभिन्न सुपरिवेक्षण नमुनाहरू विकास गरिएको छ । विद्यालयमा शिक्षकहरूको कामको विभाजनको थालनी भएको छ । विद्यालय सुपरिवेक्षणमा समेत स्रोतव्यक्तिबाट उपयुक्त सिद्धान्त अपनाई विद्यालयमा सुपरिवेक्षण कर्य अघि बढाएमा साथै वि.व्य.स. पदाधिकारी, प्र.अ. तथा शिक्षकहरूलाई उचित सहयोग, प्रोत्साहन र न्यायोचित तरिकाले मूल्याङ्कन गरेमा विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

डी.के. (१९५९) काअनुसार विद्यालयमा शिक्षण सुधार कार्य र राम्रो शैक्षिक वातावरण तयार गर्नका लागि शिक्षक, विद्यार्थीहरूका कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा दिनुपर्दछ । सुपरिवेक्षक र शिक्षकहरूबीच दोहोरो सञ्चार हुनु पर्दछ । शिक्षकहरूको पेसागत ज्ञान, सीप वृद्धि गरी कार्यदक्षता बढाउनु पर्दछ । विद्यालय सुपरिवेक्षणमा सुपरिवेक्षकले सुपरिवेक्षणका नमुनाहरू जस्तै नीति निर्माण, सिकाइमा सुधार, शिक्षकको पेसागत विकासका लागि सहयोग, शिक्षकहरूसँग सुमधुर सम्बन्ध स्थापना, शैक्षिक सुधारका लागि योजनाबद्ध कार्यक्रम, उपयुक्त शैक्षिक वातावरणको निर्माण आदिमा आधारित भएर विद्यालय सुपरिवेक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नुपर्छ (शर्मा एण्ड शर्मा, २०५७ बाट उद्धृत) ।

यस सिद्धान्तले सुपरिवेक्षणका क्षेत्रमा गरेको प्रयोगको विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिले सम्पूर्ण शैक्षिक क्रियाकलापमा शिक्षकहरूको सहभागिता गराउने प्रयासको थालनी गरेको पाइन्छ । त्यस्तै विद्यालय सुपरिवेक्षणमा शिक्षकहरू र स्रोतव्यक्तिबीचको सम्बन्ध सुमधुर बनाउनु पर्दछ भन्ने अवधारणाको विकास भएको छ । विद्यालयको शैक्षिक विकासमा सबैको सहभागिता हुनुपर्दछ भन्ने मान्यता विकास भएको छ । सुपरिवेक्षकहरूको उचित सल्लाह, परामर्शबाट मत्र शिक्षकहरूको पेसागत ज्ञान, सीप, दक्षता वृद्धि गरेर शैक्षिक गुणस्तर बढाउन सकिन्छ भन्ने धारणा आएको छ । शैक्षिक सुपरिवेक्षणको सिद्धान्त र सुपरिवेक्षण शिक्षण सुधारका लागि भन्ने सिद्धान्तले सुपरिवेक्षक र शिक्षकहरूका बीच

सुमधुर सम्बन्ध स्थापित गरी विद्यालयको सुपरिवेक्षणलाई उपलब्धिमूलक बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ । स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूले प्र.अ. तथा शिक्षकहरूको कार्यको अनुगमन गर्दा सुपरिवेक्षण शैक्षिक सुधार गर्नु र शिक्षकहरूको पेसागत ज्ञान, सीप अभिवृद्धि गरी राम्रो, स्तरीय शैक्षिक वातावरण निर्माण गर्ने गरी सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

## २. ३. पुनरावलोकनको उपादेयता

माथि उल्लिखित सैद्धान्तिक खाका र साहित्यहरूको पुनरावलोकनबाट स्रोतव्यक्तिले समूह विद्यालयहरूको शैक्षिक सुपरिवेक्षणमा पारेको प्रभावका विविध पक्षहरूको उल्लेख गरेका छन् । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मेरुदण्डका रूपमा रहेका स्रोतव्यक्तिले शिक्षाका घोषित उद्देश्य पूरा गर्न, गराउन निश्चय नै केही भूमिका खेल्दै आएका छन् । शिक्षकका पेसागत शैक्षिक समस्याहरूको निराकरण गरी शिक्षाको गुणस्तर वृद्धि गर्न स्रोतव्यक्तिहरूले विद्यालय सुपरिवेक्षणलाई आत्मसात गर्नुपर्ने मार्गनिर्देशन उल्लिखित साहित्यहरूले गरेका छन् । उल्लिखित साहित्यहरूले शिक्षा क्षेत्रमा सरोकार राख्ने जोकोहीलाई आवश्यक सुधारका लागि प्रेरणा दिने प्रयास समेत गरेका छन् । यी साहित्यहरूको समीक्षाले स्रोतकेन्द्र र स्रोतव्यक्तिको भूमिकाका क्षेत्रमा थप अनुसन्धान गर्ने शोधकर्ताहरूलाई र योजनाकारहरूलाई पनि केही मात्रामा सहयोग पुऱ्याउने विश्वास गरिएको छ । यस अध्ययनसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धान भए तापनि स्रोतव्यक्तिले शैक्षिक सुपरिवेक्षणमा पारेको प्रभाव वा भूमिकाका बारेमा यथार्थ खोज तथा अनुसन्धान भएको पाइँदैन ।

स्रोतव्यक्तिले शैक्षिक नीति तथा कार्यक्रम अनुसार सुपरिवेक्षणमा अपेक्षित भूमिका निर्वाह गर्न सकेका छैनन् । वर्तमान अवस्थामा आइपुग्दा समेत स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकेका छैनन् । त्यसैले स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ भन्ने कार्यसँग यो अध्ययन गरिएको छ । यसबाट प्राप्त निष्कर्ष सम्बन्धित सरोकारवालाहरू सबैलाई उपयोगी हुने कुरामा विश्वास गरिएको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

प्रस्तुत अनुसन्धानका लागि विभिन्न सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष रूपमा सम्बन्धित व्यक्तिहरूलाई भेटेर अन्तर्वार्ता, छलफल, प्रश्नावली आदिका माध्यमबाट अनुसन्धानलाई अगाडि बढाउने प्रयास गरिएको छ ।

## ३. १. अनुसन्धान ढाँचा

प्रस्तुत शीर्षमा अनुसन्धान गर्न परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । अध्ययनका सङ्ख्यात्मक तथ्याङ्कहरूलाई परिमाणात्मक र अन्तर्वार्ता, समूह छलफल आदिबाट प्राप्त हुने विचारहरूलाई गुणात्मक अनुसन्धान ढाँचाका रूपमा राखिएको छ ।

## ३. २. जनसङ्ख्या

यस शीर्षकको अध्ययन कार्यका लागि मोरङ जिल्लाको रङ्गेली स्रोतकेन्द्रमा आबद्ध रहेका ५ वटा गाविसमा सञ्चालित ३३ वटा सामुदायिक विद्यालयहरू मध्ये सो क्षेत्रको ६ वटा विद्यालयका ६ जना प्र.अ.हरू, ६ जना शिक्षकहरू, ६ जना वि.व्य.स. अध्यक्षहरू र एक जना स्रोतव्यक्तिलाई मात्र यस अध्ययनको जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३. ३. नमुना छनोट

यस अनुसन्धानका लागि रङ्गेली स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमध्ये छ वटा विद्यालय नमुनाका रूपमा छनोट गरिएको छ । ती विद्यालयका प्रधानाध्यापकहरू, वि.व्य.स. अध्यक्षहरू र प्रत्येक विद्यालयका एक/एक जना शिक्षकहरू यस अनुसन्धानको नमुनाका रूपमा लिइएको छ । त्यस्तै उक्त स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई समेत यस अनुसन्धानको नमुनाका रूपमा छनोट गरिएको छ ।

## ३. ४. अनुसन्धानका साधन

प्रस्तुत अनुसन्धानका लागि निम्नअनुसारका साधनहरूको प्रयोग गरिएको छ :

**क)** **प्रश्नावली** : विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स. अध्यक्ष र स्रोत-व्यक्तिका लागि क्रमशः अनुसूची २, ३ र ४ अनुसारका प्रश्नावली तालिकाबाट आवश्यक जानकारी लिइएको छ ।

**ख)** **विद्यालय सर्वेक्षण फाराम** : छनोटमा परेका विद्यालयहरूमा भएका शैक्षिक सुपरिवेक्षणको अभिलेख सङ्कलनका लागि अनुसूची १ बमोजिमको फाराम विकसित गरी प्रयोग गरिएको छ ।

**ग)** **समूहगत छलफल** : छनोट गरिएका विद्यालयका प्र.अ.हरू, शिक्षकहरू, वि.व्य.स. अध्यक्षहरू, स्रोतव्यक्तिसँग जानकारी लिन समूह छलफलका लागि अनुसूची ५ अनुसारको छलफल निर्देशिका प्रयोग गरिएको छ ।

## ३. ५. साधनको वैधता

साधनको वैधताका लागि आफूभन्दा अगाडिका अनुसन्धानकर्ताका अनुभवका आधारमा समेत साधनको वैधता सुनिश्चित गरिएको छ । छनोटमा परेका ६ वटा विद्यालयका प्र.अ.हरू, शिक्षकहरू, वि.व्य.स. अध्यक्षहरूसँग गरिएको अन्तर्वार्ता, प्रश्नावली, अन्तर्क्रिया, स्थलगत भेटघाट आदिका आधारमा समेत यस अध्यनको साधनको वैधता सुनिश्चित गरिएको छ । स्रोतव्यक्तिसँग गरिएको अन्तर्वार्ता, अन्तर्क्रिया, छलफललाई समेत साधनको वैधताका रूपमा सुनिश्चित गरिएको छ ।

## ३. ६. तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अनुसन्धानका लागि प्राथमिक र द्वितीय दुवै स्रोतहरूको उपयोग गरिएको छ ।

**क)** **प्राथमिक स्रोत** : अनुसन्धानका लागि आवश्यक तथ्य र विवरणहरू प्राप्त गर्न छनोटमा परेका विद्यालयमा सर्वेक्षण फाराम, प्रश्नावली तालिका, छलफल निर्देशिका तयार गरी सोबाट प्राप्त भएका तथ्याङ्कहरू प्रयोग गरिएका छन् ।

**ख)** **द्वितीय स्रोत** : अनुसन्धानका लागि आवश्यक तथ्याङ्क र विवरण प्राप्त गर्न छनोट गरिएका विद्यालयका अभिलेखबाट द्वितीय स्रोतहरू सङ्कलन गरिएको छ । स्रोतकेन्द्रका फ्ल्यास रिपोर्टहरू, अन्य अभिलेखहरू, पुस्तक, जर्नल, पत्रपत्रिका द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

## ३. ७. तथ्याङ्क सङ्कलन विधि

विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका अध्ययन गर्नका लागि विद्यालय र स्रोतकेन्द्रबाट अनुसूची १, २, ३, ४, ५, ६ र ७ अनुसारका अवलोकन फाराम तथा प्रश्नावलीहरू प्रयोग गरी छनोटमा परेका विद्यालयका शिक्षकहरू, प्र.अ.हरू, वि.व्य.स. अध्यक्षहरू र स्रोतव्यक्तिसँग शोधकर्ता आफैँ उपस्थित भई आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ ।

## ३. ८. तथ्याङ्क विश्लेषण विधि

प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विश्लेषणका लागि तथ्याङ्कशास्त्रका विधिहरू प्रयोग गरिएको छ । तथ्याङ्कहरूलाई सिद्धान्त, ऐन, नियम, अनुसन्धान र प्रतिवेदनहरूसँग तुलना गरी प्रष्ट गरिएको छ । अनुसूचीमा उल्लिखित नमुना बमोजिमका फारामहरूबाट प्राप्त जानकारी र सूचनाहरूलाई तालिका, स्तम्भचित्र, वृत्तचित्रमा देखाइ आवश्यक तथ्याङ्कशास्त्रका विधि समेत प्रयोग गरी विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकाको अवस्था पहिचान गर्ने, स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण गर्ने र सोसम्बन्धी समस्या पहिचान गरी समाधान गर्ने मुख्य उद्देश्य राखेर मोरङ जिल्लाको रङ्गेली स्रोतकेन्द्र अन्तर्गतका गाविसहरू रङ्गेली, आमगाछी, दर्वेशा, टकुवा र अमरदहमा सञ्चालित ३३ वटा सामुदायिक विद्यालयहरूलाई अध्ययनको क्षेत्र बनाइएको छ ।

## ४. १. स्रोतव्यक्तिबाट हुने गरेको विद्यालय सुपरिवेक्षणको अवस्था

यस अध्ययनका लागि छनोट गरिएको मोरङ जिल्लाको रङ्गेली स्रोतकेन्द्र अन्तर्गतका ३३ वटा विद्यालयहरूमध्ये छनोटमा परेका ६ वटा विद्यालयमा स्रोतव्यक्तिबाट भएको विद्यालय सुपरिवेक्षणको विद्यमान अवस्था पहिचान गर्न अनुसूची १ बमोजिमको सर्वेक्षण फारामबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो । सङ्कलित तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : विद्यालय सुपरिवेक्षणको अवस्था

| क्र.सं | विद्यालय | शैक्षिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६७ | २०६८ | जम्मा |
| १ | पब्लिक उ.मा.वि. रङ्गेली | ३ | ३ | २ | २ | १ | ११ |
| २ | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह | २ | २ | ३ | २ | १ | १० |
| ३ | मङ्गलसिंह मावि, केचना | ३ | ३ | २ | १ | २ | ११ |
| ४ | सरस्वती प्रावि, अमरदह | २ | २ | १ | १ | १ | ७ |
| ५ | आदर्श निमावि, रङ्गेली | २ | ३ | २ | १ | २ | १० |
| ६ | रामजानकी प्रावि, टकुवा | २ | २ | १ | १ | १ | ७ |

नोट : सङ्ख्याले पटक जनाउँछ ।　　　　स्रोत : विद्यालय अभिलेखहरू ।

माथि प्रस्तुत गरिएको तालिकाका आधारमा यस स्रोतकेन्द्र अन्तर्गतका रहेका विद्यालयहरू मध्ये छनोटमा परेका विद्यालयहरूमा स्रोतव्यक्तिबाट भएको विद्यालय सुपरिवेक्षणको अवस्थालाई विश्लेषण गर्दा औसत रूपमा कमै मात्रामा स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण भएको देखिएको छ । वर्षभरिमा अधिकतम ३ पटक मात्र विद्यालय सुपरिवेक्षण हुनु एकातिर आफैँमा न्यून हो भने अर्कातर्फ ३ पटक विद्यालय सुपरिवेक्षण सबै

विद्यालयमा प्रत्येक वर्ष हुन सकेको छैन । त्यसैले उपर्युक्त तथ्यहरू बाट के प्रष्ट हुन आउँछ भने यस स्रोतकेन्द्रमा स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण अति न्यून पटक हुने गरेको छ ।

### ४. १. १. **स्रोतव्यक्तिले गरेको सुपरिवेक्षणको सङ्ख्या (पटक)**

यो अध्ययन अनुसन्धानलाई अगाडि बढाउने क्रममा मोरङ जिल्लाको ५ वटा गाविसका रङ्गेली स्रोतकेन्द्र अन्तर्गतका ३३ वटा सामुदायिक विद्यालयहरूमध्ये विगत ३ वर्षमा छनोटमा परेका ६ वटा विद्यालयहरूको शैक्षिक अवस्था प्रभावकारी ढङ्गबाट सुधार गर्न र राम्रो शैक्षिक वातावरण तयार गर्न स्रोतव्यक्तिले गरेको विद्यालय सुपरिवेक्षणको सङ्ख्या (पटक) यसप्रकार छ :

तालिका २ : स्रोतव्यक्तिले गरेको सुपरिवेक्षणको सङ्ख्या (पटक)

| क्र.सं. | विद्यालय | शैक्षिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६७ | २०६८ | |
| १ | वीरेन्द्र सार्वजनिक उमावि | २ | २ | ३ | २ | १ | १० |
| २ | पब्लिक उमावि | ३ | ३ | २ | २ | १ | ११ |
| ३ | मङ्गलसिंह मावि | ३ | ३ | २ | १ | २ | ११ |
| ४ | सरस्वती प्रावि | २ | २ | १ | १ | १ | ७ |
| ५ | आदर्श निमावि | २ | ३ | २ | १ | २ | १० |
| ६ | रामजानकी प्रावि | २ | २ | १ | १ | १ | ७ |

स्रोत : विद्यालय अभिलेखहरू (२०६४-२०६८) ।

उपर्युक्त तालिकाका आधारमा छनोटमा परेका विद्यालयहरूमा स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण १ वर्षमा बढीमा ३ पटक र घटीमा १ पटक मात्र गर्ने गरेको देखिन्छ । यो तालिकाबाट प्रष्ट हुन्छ कि स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण कार्य अति न्यून रूपमा गरेको देखाउँछ ।

### ४. १. २. **स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण गर्दा गर्ने कार्यहरू**

स्रोतव्यक्तिबाट कसरी विद्यालयको सुपरिवेक्षण हुने गर्दछ अर्थात् स्रोतव्यक्ति विद्यालयमा उपस्थिति हुँदा शैक्षिक, भौतिक र पेसागत समस्या लगायत अन्य कुनकुन विषयमा छलफल हुन्छ भन्ने प्रश्नका आधारमा प्राप्त प्रतिक्रियालाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण गर्दा गर्ने कार्यहरू

| प्राप्त उत्तर | शिक्षकहरूबाट प्राप्त उत्तर | | प्र.अ.हरूबाट प्राप्त उत्तर | | वि.व्य.स. अध्यक्षबाट प्राप्त उत्तर | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| तथ्याङ्क सङ्कलन | ४ | ६०% | ३ | ५०% | २ | ४०% |
| सूचना आदान प्रदान | २ | ३०% | २ | २०% | २ | ३०% |
| शैक्षिक समस्या | १ | ५% | २ | २०% | १ | १५% |
| पेसागत समस्या | १ | ५% | १ | १०% | १ | १५% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षण तथ्याङ्क सङ्कलनमै सीमित रहेको ६०% अर्थात् छनोटमा परेका ४ जना शिक्षकले प्रतिक्रिया दिएका छन् । ३०% अर्थात् २ जनाले शिक्षकले सूचना आदानप्रदानका लागि सुपरिवेक्षण हुने गरेको उल्लेख गरेका छन् । स्रोतव्यक्तिबाट हुने सुपरिवेक्षण शैक्षिक र पेसागत समस्याका बारेमा केन्द्रित हुने प्रतिक्रिया सबैभन्दा का ५/५% अर्थात् १ जनाले मात्र दिएका छन् । यस्तै विद्यालय सुपरिवेक्षण तथ्याङ्क सङ्कलनमै सीमित रहेको प्रतिक्रिया ५०% अर्थात् ३ जना प्र.अ.बाट पाइयो । सूचना आदान प्रदान, शैक्षिक समस्या र पेसागत समस्या सम्बन्धमा क्रमशः २०%, २०% र १०% अर्थात् क्रमशः २ र १ जना प्र.अ.ले धारणा राखेका थिए । वि.व्य.स. अध्यक्षहरूमध्येबाट भने ४०% अर्थात् २ जनाले तथ्याङ्क सङ्कलन, ३०% अर्थात् २ जनाले सूचना आदान प्रदान तथा १५/१५% अर्थात् १ जनाले पेसागत समस्याका सम्बन्धमा धारणा राखेका थिए ।

यसबाट प्रष्ट हुन्छ कि स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षण परम्परागत र औपचारिक मात्र हुने गरेको देखिन्छ । स्रोतव्यक्तिबाट हुने सुपरिवेक्षण योजनाबद्ध, वैज्ञानिक र प्रभावकारी हुन, मार्गनिर्देशक बन्न नसकेको देखिएको छ ।

### ४. १. ३. **स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षण गर्दा अपनाउने तरिकाहरू**

स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षण गर्दा सुपरिवेक्षणका नमुनाहरूमा आधारित भएर कक्षा सुपरिवेक्षण गरेको खासै पाइएन । स्रोतव्यक्तिले कक्षा सुपरिवेक्षणभन्दा पनि बढी समय विद्यालय तथ्याङ्क फारामहरू भर्न सिकाउने तथा सूचना आदानप्रदानमा गर्ने जस्ता कार्यहरूमा बढी समय दिएको पाइयो । शिक्षकहरूले पनि कक्षा सुपरिवेक्षण गर्दा

स्रोतव्यक्तिले दिएका सल्लाह, सुझाव, परामर्शलाई खासै व्यवहारमा कार्यान्वयन नगरेको अवस्था यस अध्ययनको क्रममा पाइयो । शिक्षकहरूलाई समेत स्रोतव्यक्ति स्वयम्ले सुपरिवेक्षणका नमुना कक्षा प्रस्तुत गरेर सुपरिवेक्षण कार्य शिक्षकहरू प्रेरित गरेको खासै पाइएन ।

### ४. १. ४. सुपरिवेक्षणपछि शिक्षकको पेसागत दक्षतामा आएको परिवर्तन

स्रोतव्यक्तिद्वारा विद्यालय सुपरिवेक्षण गरेपश्चात् धेरैजसो शिक्षकहरूमा सकारात्मक परिवर्तन आएको पाइयो । जस्तो कि उनीहरूले कक्षाकोठामा विषयवस्तु विद्यार्थीलाई पढाउन जानुभन्दा अगाडि पाठयोजना बनाएर जाने, विषयवस्तु अगाडि नै सूक्ष्म अध्ययन गरेर जाने, मिहिनेत गर्ने र आफ्नो विषयमा नबुझेका पाठहरू बारे छलफल गर्ने बानीको विकास भएको पाइयो भने केही कामचोर प्रवृत्तिका शिक्षकहरूमा स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षणले हतोत्सायी हुने, विद्यालयमा स्रोतव्यक्ति आएका दिन उपस्थित नहुने गैर जिम्मेवार प्रवृत्ति बढाएको समेत पाइयो । तर बहुसङ्ख्यक शिक्षकहरूमा भने स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षणपछि पेसागत ज्ञान, सीप, अनुभव अभिवृद्धि भएको उनीहरूले महसुस गरेको पाइयो ।

### ४. १. ५. स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणको भूमिका

विद्यालयको गुणस्तर अभिवृद्धि गर्न र उच्च सिकाइउपलब्धि हासिल गर्न अहम् भूमिका खेल्ने सुपरिवेक्षण अपेक्षित रूपमा हुन आवश्यक छ । उक्त कार्यको जिम्मेवारी पाएको स्रोतकेन्द्रले गर्ने शैक्षिक सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरू विश्लेषण गर्न अनुसूची २, ३ र ४ का प्रश्नावलीका आधारमा स्रोतव्यक्ति, शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्षहरूबाट आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त सूचना तथा तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ : स्रोतकेन्द्रले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू

| कारक तत्त्वहरू | शिक्षकबाट प्राप्त उत्तर | | प्र.अ.बाट प्राप्त उत्तर | | वि.व्य.स. अध्यक्षबाट प्राप्त उत्तर | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| स्रोतसाधनको कमी | ३ | ४०% | २ | ३०% | २ | ३५% |
| अधिक विद्यालय सङ्ख्या | २ | ३५% | ३ | ४०% | २ | ३५% |
| उत्तरदायित्त्वको कमी | १ | १५% | २ | २०% | १ | १५% |
| नीति नियमको अभाव | १ | १०% | १ | १०% | १ | १५% |

नोट : सङ्ख्याले विद्यालय सङ्ख्या जनाउँछ ।   स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकाका आधारमा शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष र स्रोतव्यक्तिबाट प्राप्त उत्तरका आधारमा विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरूमा ४०% ले स्रोतसाधनको कमी, ३५% ले एकजना स्रोतव्यक्ति बराबर अधिक विद्यालय सङ्ख्या, १५% ले स्रोतव्यक्तिको उत्तरदायित्त्व बोधमा कमी र १०% ले नीति नियमको अभाव भन्ने जबाफ दिएका छन् । सबैभन्दा बढी ४०% ले स्रोतसाधनको कमी भन्ने जबाफ दिएकाले स्रोतकेन्द्रमा मानवीय स्रोतसाधनका रूपमा दैनिक भ्रमण भत्ता न्यून रहेकाले स्रोतसाधनको कमी विद्यालय सुपरिवेक्षणका प्रमुख तत्त्वहरू हुन् । त्यस्तै एउटा स्रोतव्यक्तिले धेरै विद्यालयहरूको सुपरिवेक्षण गर्नुपर्ने, साथै स्रोतव्यक्ति स्वयम्मा पनि सुपरिवेक्षण- प्रति उत्तरदायित्त्वको कमी हुनु र नीति नियमको अभाव आदिले पनि विद्यालय सुपरिवेक्षणका कारक तत्त्वहरूका रूपमा रहेका छन् । एक जना स्रोतव्यक्तिले एउटा स्रोतकेन्द्रभरिका लगभग ३३ वटा विद्यालयको सुपरिवेक्षण गर्न साधन स्रोत, समयको अभाव आदिले गर्दा पनि प्रभावकारी हुन सकेको छैन ।

### ४. १. ६. स्रोतव्यक्तिले दिएका सुझाव र सल्लाहको कार्यान्वयन

छनोटमा परेका ६ वटा विद्यालयहरूमध्ये तीन वटा विद्यालयहरू एउटा उमावि, एउटा मावि र एउटा प्राविले भने स्रोतव्यक्तिले दिएका सल्लाह, सुझावहरूको केही हदसम्म कार्यान्वयन गरेको पाइयो भने अन्य विद्यालयहरूले भने स्रोतव्यक्तिले दिएका सल्लाह, सुझावहरूको अक्षरशः पालना नगरेको पाइयो । स्रोतव्यक्तिले दिएका सल्लाह, सुझावहरूको कार्यान्वयन नगर्ने शिक्षकहरूलाई कार्बाहीका लागि जि.शि.का.मा सिफारिस गर्नुपर्ने र राजनीतिक आडका आधारमा पेसागत ज्ञान, सीप, अनुभव प्राप्त नगरी विद्यालय

सुपरिवेक्षणमा बाधा पुऱ्याउने शिक्षकहरूलाई समेत स्रोतव्यक्तिले माथिल्लो निकायमा कार्बाहीका लागि अगाडि बढाउनु पर्ने स्थिति देखिन्छ ।

### ४. २. स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरू

स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरूमा भौगोलिक क्षेत्रको कठिनाइका हिसाबले समेत एक जना स्रोतव्यक्तिले पाँच वटा गाविसका ३३ वटा सामुदायिक विद्यालयहरूमा पुगेर सुपरिवेक्षण गर्ने कार्य निकै कठिन छ । त्यस्तै स्रोतव्यक्तिलाई सबै विद्यालयहरूमा पुग्न स्रोत साधन नभएको स्थिति पनि छ । राजनैतिक अस्थिरता, स्रोतव्यक्तिको अन्य व्यस्तता, शिक्षकहरूको तालिम अप्राप्त शिक्षण शैली आदि समेत स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षण्मा प्रभाव पार्ने काकर तत्वहरू अन्तर्गत पर्दछन् । त्यस्ता अन्य कारक तत्वहरूलाई निम्न उपशीर्षक अन्तर्गत उल्लेख गर्न सकिन्छ ।

#### ४. २. १. **राजनैतिक हस्तक्षेप**

शिक्षकहरू आफ्नो पेसाप्रति उत्तरदायी नभए हरेक राजनैतिक दलका कार्यकर्ता भएर विद्यालयमा काम गरेको अवस्था छ । जसले गर्दा उनीहरूले आफ्नो समय बढीजसो दलका कार्यक्रम, भाषण, सभा समारोहमा बिताउने गर्दछन् र विद्यालय कमै मात्रामा उपस्थित हुने गर्दछन् । यस्तो स्थितिमा स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणको क्रममा दिएका सल्लाह, सुझाव, परामर्शलाई कक्षाकोठामा कार्यान्वयन नगर्ने र त्यस्ता शिक्षकहरूलाई स्रोतव्यक्तिले राजनैतिक हस्तक्षेपका कारण कानुनी कारबाही समेत गर्न नसक्ने अवस्था छ । यसरी राजनैतिक हस्तक्षेपले विद्यालय सुपरिवेक्षणमा नकारात्मक प्रभाव पारेको छ ।

#### ४. २. २. **स्रोतव्यक्तिको कार्यव्यस्तता**

एउटा स्रोतव्यक्ति आफ्नो स्रोतकेन्द्रका सबै विद्यालयहरूका शिक्षकहरूका लागि तालिम, गोष्ठी, शिक्षक भर्ना, तथ्याङ्क सङ्कलन आदिमा बढी समय बिताउनु पर्ने र हरेक कार्यव्यस्तताले गर्दा सबै विद्यालयहरूमा पुगेर विद्यालयको शैक्षिक अवस्था सुधार्ने र शिक्षकहरूको पेसागत ज्ञान, सीप, अनुभव अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रशस्तै समय पाउँदैनन् । जसले विद्यालय सुपरिवेक्षणमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । त्यसैले स्रोतव्यक्तिलाई सूचना आदानप्रदान, तथ्याङ्क सङ्कलन, शिक्षक तालिम सञ्चालन आदि काममा नलागेर उनीहरू विद्यालयको शैक्षिक स्तर सुधार्न विद्यालय सुपरिवेक्षण गर्ने

कार्य प्रशस्त समय उपलब्ध गराउनु पर्छ । स्रोतव्यक्तिहरूको कार्यव्यस्तता पनि विद्यालय सुपरिवेक्षण्मा प्रभाव पार्ने एउटा कारक तत्व हो ।

### ४. २. ३. शिक्षकका कमजोरी

धेरैजसो शिक्षकहरूमा पनि आफ्नो विषयवस्तुप्रति उच्च ज्ञान नहुनु, तालिम अप्राप्त हुनु, राजनैतिक हस्तक्षेपका कारणले शिक्षण पेसामा संलग्न हुनु, पार्टीको काममा बढी समय दिनु, राजनैतिक कार्यक्रमहरूमा उपस्थित हुनु, आफ्नो कक्षामा पढाउनु पर्ने विषयवस्तुहरूको बारेमा ज्ञान न्यून हुनु, शैक्षणिक योजनाहरू तथा शैक्षिक सामग्रीहरूका बारेमा ज्ञान नहुनु आदिले पनि स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षण कर्यमा प्रत्यक्ष नकारात्मक प्रभाव पार्छ र विद्यालयको शैक्षिक स्थिति अगाडि बढ्न सक्दैन । विद्यार्थीहरूले शिक्षकहरूको कमीकमजोरीका कारण उचित ज्ञान तथा शैक्षिक वातावरण पाउन सकेका छैनन् । जसले गर्दा विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिले जति प्रयास गर्दा समेत माथि उल्लेखित कारक तत्वहरूले नकारात्मक प्रभाव पारेको हुन्छ ।

## ४. ३. विद्यालय सुपरिवेक्षणका समस्याहरू

स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणका समस्याहरू पहिचान गर्न जिल्ला मोरङ रङ्गेली स्रोतकेन्द्र अन्तर्गतका ३३ वटा सामुदायिक विद्यालयहरूमध्ये छनोटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूमा विद्यालय सुपरिवेक्षण अधिकतम वार्षिक रूपमा ३ पटक भएको र कतिपय विद्यालयमा वर्षमा एक पटक समेत विद्यालय सुपरिवेक्षण हुन नसकेकाले त्यसका कारणहरू वा समस्याहरू पत्ता लगाउन छनोटमा परेका प्रत्येक विद्यालयबाट एक/एक जना शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष र स्रोतव्यक्तिसँग अनुसूची २, ३ र ४ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा समस्याहरू पत्ता लगाउने काम गरिएको थियो ।

### ४. ३. १. शिक्षकहरूले औँल्याएका समस्याहरू

स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा केकस्ता समस्याहरू रहेका छन् भनी छनोटमा परेका ६ वटा विद्यालयका एक/एक जना शिक्षकलाई अनुसूची २ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा संलग्न शिक्षकहरूबाट निम्न समस्याहरूलाई औँल्याइएको छ ।

अन्तर्वार्तामा सहभागी ४५% शिक्षकले वर्षमा थोरै पटक मात्र स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण हुने गरेको बताएका थिए । त्यस्तै स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणका क्रममा विद्यालयमा उपस्थित हुँदा तथ्याङ्क सङ्कलन र सूचना आदानप्रदानमा मात्र बढी हुने गरेको तर शिक्षकहरूको पेसागत समस्याहरू र शैक्षिक समस्याहरूका बारेमा छलफल गर्ने अवसर कमै मात्रामा हुने गरेको धारणा ५५% शिक्षकहरूले बताए ।

यसै सन्दर्भमा श्री मङ्गलसिंह मा.वि. अमरदहका शिक्षक श्री जीतबहादुर राईलाई 'विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या' सम्बन्धमा सोध्दा उहाँ भन्नुहुन्छ :

> स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षण औपचारिक मात्र हुने गरेको छ । स्रोतव्यक्ति विद्यालयको सुपरिवेक्षण नै गर्ने उद्देश्यले भन्दा पनि विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षक नियुक्ति गर्नुपर्ने अवस्थामा मात्र विद्यालयसम्म आइपुग्ने गरेका छन् । स्रोतव्यक्ति सम्बन्धित स्रोतकेन्द्रभित्रकै विद्यालयको शिक्षक भएका कारण शिक्षकहरू स्रोतव्यक्तिका सल्लाह, सुझावलाई गम्भीरतापूर्वक लिँदैनन् । स्रोतव्यक्तिबाट पनि अघिल्लो पटक आफूले दिएका सल्लाह, सुझावलाई शिक्षकहरूले पालना गरे कि गरेनन् भनेर अनुगमन गर्दैनन् ।

### ४. ३. २. **प्रधानाध्यापकले औँल्याएका समस्याहरू**

स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षणमा केकस्ता समस्याहरू देखिएका छन् सोसम्बन्धी समस्याहरू विश्लेषण गर्नका लागि छनोटमा परेका ६ वटै सामुदायिक विद्यालयका प्र.अ.हरूसँग अनुसूची २ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा प्राप्त जबाफहरूका आधारमा ६०% प्र.अ.ले वर्षभरिमा न्यून पटक मात्र स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण हुने गरेको र नियमित विद्यालय सुपरिवेक्षण समेत हुन नसकेको बताएका थिए । तथ्याङ्क सङ्कलन र सूचना आदान प्रदानमा मात्र स्रोतव्यक्तिको भूमिका सीमित रहेको धारणा ४०% प्र.अ.हरूले व्यक्त गरेका थिए ।

यसै सन्दर्भमा श्री वीरेन्द्र सार्वजनिक उ.मा.वि. अमरदहका प्राचार्य श्री धनबहादुर बस्नेतलाई 'विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या' सम्बन्धमा सोध्दा उहाँ भन्नुहुन्छ :

> एक जना स्रोतव्यक्तिले एउटा स्रोतकेन्द्रभरिका लगभग ३०-३५ वटा विद्यालयहरूको समूहको विद्यालय सुपरिवेक्षण गर्न भौगोलिक, आर्थिक, अन्य पक्षले गर्दा समस्या छ । स्रोतव्यक्तिले बढी समय विद्यालय सुपरिवेक्षण भन्दा पनि तथ्याङ्क सङ्कलन तथा सूचना आदानप्रदान, गोष्ठी, तालिममा नै बढी समय स्रोतकेन्द्रमा नै बसेर बिताउने गर्छन्, जसले गर्दा विद्यालय सुपरीवेक्षण्मा समस्या देखिएको छ ।

### ४. ३. ३. वि.व्य.स. अध्यक्षले औँल्याएका समस्याहरू

शोध अध्ययनका लागि छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्षहरूबाट अनुसूची ३ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा समस्याहरू सङ्कलन गरिएको थियो । स्रोतव्यक्ति स्रोतकेन्द्रमा नबस्ने भएकाले विद्यालय सुपरिवेक्षणका सम्बन्धमा स्रोतव्यक्तिसँग छलफल गर्ने अवसर ज्यादै कम पाइने गरेको धारणा ७५% वि.व्य.स. अध्यक्षले राखेका थिए । स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण गरे, नगरेको अनुगमन गर्ने व्यवस्था माथिल्लो निकायबाट नगरिएको विचार छनोटमा परेका विद्यालयका बहुसङ्ख्यक वि.व्य.स. अध्यक्षले व्यक्त गरेका थिए । स्रोतव्यक्तिले विद्यालयका शिक्षक, शिक्षिका, प्र.अ., वि.व्य.स.का पदाधिकारीहरू सँग समन्वय गरी विद्यालय सुपरिवेक्षणलाई अघि बढाउनुपर्ने देखिन्छ ।

यसै सन्दर्भमा श्री मङ्गलसिंह मा.वि. अमरदहका वि.व्य.स. अध्यक्ष श्री भरतमणि राईलाई 'विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या' का बारेमा सोध्दा उहाँ भन्नुहुन्छ :

> स्रोतव्यक्तिले प्रभावकारी रूपमा विद्यालयको सुपरिवेक्षण गर्न नसक्नु आजको राजनीतिक परिवेशले गर्दा पनि हो । शिक्षकहरू विभिन्न संघ, संगठनमा आबद्ध छन् र उनीहरूले स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणका क्रममा दिएका सुझाव, सल्लाह आदिको कार्यक्षेत्रमा इमानदारीपूर्वक कार्यान्वयन पनि गर्दैनन् र स्रोतव्यक्तिले पनि त्यस्ता शिक्षकहरूलाई कारबाही गर्न सक्ने अवस्था राजनीतिक हस्तक्षेपका कारणले प्रतिकूल अवस्था छ ।

### ४. ३. ४. स्रोतव्यक्तिबाट व्यक्त समस्याहरू

यस स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा केकस्ता समस्याहरू भोग्नु भएको छ भनी अनुसूची ४ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा प्राप्त भएका विचार अनुसार एक जना स्रोतव्यक्तिले धेरै विद्यालयहरूको सुपरिवेक्षण गर्न कठिन भएको विचार व्यक्त गर्नुभएको थियो । त्यस्तै स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण सम्बन्धी आधुनिक प्रविधि र सीप समेट्ने पुनर्ताजगी तालिमको व्यवस्था नहुनु, तथ्याङ्क सङ्कलन र प्रशासनिक कार्यको बोझ बढी हुनुले पनि विद्यालय सुपरिवेक्षणलाई सही ढङ्गले अघि बढाउन कठिन भएको विचार व्यक्त गर्नुभएको थियो ।

स्रोतव्यक्तिले विद्यालयको सुपरिवेक्षण सम्बन्धी यथार्थ चित्रण हुने गरी प्रतिवेदन जि.शि.का. मा पठाउँदा पनि त्यसको सुनुवाई नभएको, कार्य गर्दा प्रोत्साहन गर्ने कुनै

व्यवस्था नभएको, आवश्यक सहयोग प्राप्त हुन नसकेको आदि समस्याहरूले गर्दा समेत विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन नसकिएको विचार स्रोतव्यक्तिले व्यक्त गर्नुभएको थियो ।

यसै सन्दर्भमा रङ्गेली स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री भीमशङ्कर देवलाई 'विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या' का बारेमा सोध्दा उहाँ भन्नुहुन्छ :

> एक जना स्रोतव्यक्तिले ३०-३५ वटा विद्यालयहरू सुपरिवेक्षण कार्य गर्न आर्थिक, भौगोलिक, शारीरिक रूपले पनि समस्या छ । त्यस्तै तथ्याङ्क सङ्कलन, प्रशासनिक कार्यको बोझ स्रोतव्यक्तिलाई बढी हुनुले पनि विद्यालय सुपरिवेक्षणलाई सही ढङ्गले अघि बढाउन समस्या छ । जिल्ला शिक्षा कार्यालयले पनि स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षणका समस्याप्रति खासै चासो नदिनु आदि समस्या छन् ।

## ४. ४. समाधानका उपायहरू

स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्न केकस्ता उपायहरू अपनाउन सकिन्छ भनी सोसम्बन्धमा जिल्ला मोरङको रङ्गेली स्रोतकेन्द्र अन्तर्गतका ३३ वटा सामुदायिक विद्यालयहरूमध्ये छनोटमा परेका ६ वटा सामुदायिक विद्यालयका शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारी र स्रोतव्यक्तिसँग अनुसूची २, ३ र ४ का आधारमा खुला प्रश्नावली र अनुसूची ५ को छलफल निर्देशिकाका आधारमा समाधानका उपायहरू पत्ता लगाउने प्रयास गरिएको थियो ।

यस स्रोतकेन्द्र अन्तर्गतका छनोटमा परेका ६ वटा विद्यालयका १/१ जना शिक्षकहरू गरी ६ जना शिक्षक, ६ जना प्र.अ.हरू, ६ जना वि.व्य.स. अध्यक्षहरू र केही अन्य वि.व्य.स.का पदाधिकारी हरूसित छलफल गर्दा विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् अभिभावकहरूसित व्यापक छलफल गर्नुपर्ने, विद्यालय सुपरिवेक्षणलाई वृद्धि गर्नुपर्ने, बेलाबखत स्रोतकेन्द्रका विषयगत शिक्षकहरूको भेला गराई विषयगत समस्या समाधानका उपायहरू पत्ता लगाउने, स्रोतव्यक्तिको छनोट राजनीतिक प्रभावका कारण नभई दक्ष, योग्य व्यक्ति हुनुपर्ने, स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण गरे, नगरेको माथिल्लो निकायबाट अनुगमन हुनुपर्ने, विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी र विद्यालय भवन उपलब्ध गराउने कुरामा समेत स्रोतव्यक्तिले भूमिका खेल्नुपर्ने धारणा विद्यालय सुपरिवेक्षण रहेको कुरा सर्वपक्षीय रूपमा सबैले व्यक्त गरेको पाइन्छ ।

**४. ४. १. शिक्षकहरूबाट प्राप्त समाधानका उपायहरू**

**४. ४. १. १. अन्तर्क्रिया**

यस स्रोतकेन्द्र अन्तर्गतका छनौटमा परेका ६ वटा विद्यालयका १/१ जना शिक्षकहरू गरी ६ जना शिक्षकहरूले स्रोतकेन्द्रको शैक्षिक सुपरिवेक्षणका समस्याहरू समाधान गर्न स्रोतकेन्द्रबाट गरिने विद्यालय सुपरिवेक्षण आवश्यकताअनुसार मासिक रूपले नियमित हुनुपर्ने विचार व्यक्त गरेका थिए। स्रोतव्यक्तिले तथ्याङ्क सङ्कलन र सूचना आदानप्रदान बाहेक पेसागत र शैक्षिक समस्याहरूलाई छलफल गरी समाधान गर्न बढी समय र प्रयास गर्नुपर्ने देखिएको छ। स्रोतव्यक्तिले शिक्षकहरूसँग पनि भेटघाट गर्ने र शिक्षकका समस्याहरूलाई खुलस्त रूपले व्यक्त गर्न सक्ने वातावरण तयार गर्ने साथै उक्त समस्याहरूलाई समाधानमा सहयोग पुऱ्याउनुपर्ने देखिएको छ। स्रोतव्यक्ति स्रोतकेन्द्रमै बस्नुपर्ने जसले आवश्यक परेको बखत तुरुन्त सम्पर्क गर्न र समस्या समाधान गर्न सकियोस्। बेलाबखत स्रोतकेन्द्रभित्रका विषयगत शिक्षकहरूको भेला बोलाई विषयगत समस्याहरूमा छलफल गर्ने र समस्याहरू निराकरण गर्नुपर्ने आदि समस्या समाधानका उपायहरू बताइएको पाइयो।

यसै सन्दर्भमा श्री मङ्गलसिंह मा.वि. अमरदहका शिक्षक श्री जीतबहादुर राईलाई 'विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधान' का सम्बन्धमा सोध्दा उहाँ भन्नुहुन्छ :

> स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षण औपचारिक मात्र हुनु हुँदैन। स्रोतव्यक्ति वि.व्य.स. गठन, शिक्षक नियुक्ति जस्ता अवस्थामा मात्र होइन बेलाबेलामा विद्यालयको सुपरिवेक्षण नै गर्ने उद्देश्यले विद्यालय आउनुपर्छ। स्रोतव्यक्तिलाई आफू कार्यरत स्रोतकेन्द्रमा होइन अन्य स्रोतकेन्द्रमा नियुक्ति दिनुपर्छ। स्रोतव्यक्तिले आफूले अघिल्लो पटक दिएका सल्लाह, सुझावलाई शिक्षकहरूले कति पालना गरे भनेर अनुगमन गर्ने गर्नुपर्छ।

**४. ४. २. प्रधानाध्यापकहरूबाट प्राप्त उपायहरू**

**४. ४. २. १. पेसागत समस्या समाधानको तरिका**

यस स्रोतकेन्द्र अन्तर्गत छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरूसँग स्रोतकेन्द्रको विद्यालय सुपरिवेक्षणका समस्याहरू समाधान गर्ने उपायहरूको सम्बन्धमा अनुसूची २ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधार प्राप्त उपायहरूमा स्रोतव्यक्तिले प्रत्येक विद्यालयको विद्यालय सुपरिवेक्षणलाई वृद्धि गर्नुपर्ने र निरन्तरता दिनुपर्ने विचार व्यक्त भएका छन्। प्रधानाध्यापकहरूले स्रोतव्यक्तिबाट तथ्याङ्क सङ्कलन, सूचना आदानप्रदानका साथसाथै शैक्षिक र पेसागत समस्याहरूको समाधानमा पनि त्यत्तिकै चासो राख्नुपर्ने धारणा व्यक्त गरेका थिए। विद्यालयका समस्याहरूमा स्रोतव्यक्तिले ठोस निर्णय दिन सक्नुपर्ने उपाय पनि प्रधानाध्यापकहरूले सुझाएका थिए। शिक्षक नियुक्ति जस्तो विद्यालयको महत्त्वपूर्ण कार्यमा अनिवार्य स्रोतव्यक्ति उपस्थित भई अग्रणी भूमिका निर्वाह गर्नुपर्ने

सुझाव समेत प्रधानाध्यापकहरूको रहेको थियो । स्रोतव्यक्तिबाट आधुनिक सीप र प्रविधिका आधारमा योजनाबद्ध विद्यालय सुपरिवेक्षण गर्नुपर्ने उपाय प्रअहरूबाट व्यक्त भएको थियो । विद्यालय सुपरिवेक्षणको परम्परागत शैलीलाई त्याग्नुपर्ने विचारसमेत उपायका रूपमा प्रअहरूबाट व्यक्त भएको थियो । विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने, स्थानीयस्तरमा विद्यालय सुपरिवेक्षणसँग संलग्न वि.व्य.स. पदाधिकारीहरू र प्रधानाध्यापकहरू सँग तालमेल गरी विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्ने उपाय प्रधानाध्यापकहरू बाट प्राप्त भएको थियो । त्यस्तै स्रोतव्यक्तिको छनौट र नियुक्ति हुँदा राजनीतिक प्रभावका कारण नभई सक्षम र दक्ष व्यक्तिलाई स्रोतव्यक्तिमा नियुक्ति गर्न सके धेरै हदसम्म स्रोतकेन्द्रस्तरीय विद्यालय सुपरिवेक्षणका समस्याहरू निराकरण हुने प्रधानाध्यापकहरूको सुझाव थियो ।

यसै सन्दर्भमा विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका उपायहरूका सम्बन्धमा श्री वीरेन्द्र सार्वजनिक उ.मा.वि. अमरदहका प्राचार्य धनबहादुर बस्नेतलाई सोध्दा उहाँ भन्नुहुन्छ :

> स्रोतव्यक्तिलाई तथ्याङ्क सङ्कलन, सूचना आदान प्रदान, तालिम, गोष्ठी आदि जस्ता कार्यमा लगाउनु हुँदैन र विद्यालयको शैक्षिक गुणस्तर उकास्न विद्यालय सुपरिवेक्षणमा बढी समय दिएर शिक्षकहरूको पेसागत सीप, ज्ञान, अनुभव आदान प्रदान हुने खालका कार्यमा स्रोतव्यक्लि ध्यान दिनुपर्छ । त्यसका लागि प्र.अ., शिक्षकहरू, वि.व्य.स.का पदाधिकारीहरूसित संयुक्त रूपमा छलफल गरी निर्णयमा पुग्नु पर्छ । अनि मात्र स्रोतव्यक्तिबाट प्रभावकारी विद्यालय सुपरिवेक्षण हुन सक्दछ । स्रोतव्यक्तिको छनोट गर्दा योग्य, दक्ष, तालिम प्राप्त शिक्षकहरूबाटै अनुभवी स्थायी मा.वि. शिक्षकलाई सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति बनाउनु पर्छ जसले विद्यालय सुपरिवेक्षणमा प्रभावकारी भूमिका खेल्न सक्छ ।

### ४. ४. ३. वि.व्य.स. अध्यक्षहरूबाट प्राप्त उपायहरू

#### ४. ४. ३. १. शिक्षकले आफ्नो काम, कर्तव्यप्रति उत्तरदायी हुनुपर्ने

छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग अनुसूची ३ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा स्रोतकेन्द्रका विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्न स्रोतकेन्द्रबाट हुने विद्यालय सुपरिवेक्षणलाई आवश्यकता अनुसार बढाउनुपर्ने साथै नियमित समेत गर्नुपर्ने उपाय सुझाइएको थियो । उनीहरूले स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणको क्रममा वि.व्य.स. पदाधिकारीहरूसँग भेटघाट गरी विद्यालयका समस्याहरूमा छलफल गर्ने र निराकरण गर्ने कार्यमा सहयोग पुऱ्याउनुपर्ने विचार व्यक्त गरेका थिए । स्रोतव्यक्ति आफ्नो काम, कर्तव्य, अधिकार र उत्तरदायित्त्वप्रति कर्तव्यनिष्ठ हुनुपर्ने, इमानदारी पूर्वक कर्तव्य पालना गर्ने स्रोतव्यक्तिलाई प्रोत्साहित गर्ने र कर्तव्यप्रति विमुख हुनेलाई दण्डको व्यवस्था

हुनुपर्ने उपाय वि.व्य.स. अध्यक्षहरूबाट व्यक्त भएको थियो । स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण गरे, नगरेको उपल्लो निकायबाट अनुगमन हुनुपर्ने, विद्यार्थी संख्याको आधारमा विद्यालयलाई शिक्षक दरबन्दी र विद्यालय भवन उपलब्ध गराउन स्रोतव्यक्तिले भूमिका खेल्नुपर्ने वि.व्य.स. अध्यक्षहरूबाट उपायका रूपमा विचार व्यक्त भएको थियो ।

विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका उपायहरूका सम्बन्धमा श्री मङ्गलसिंह मा.वि. अमरदहका वि.व्य.स. अध्यक्ष भरतमणि राईलाई सोध्दा उहाँ भन्नुहुन्छ :

> शिक्षकहरू कुनै पनि राजनीतिक दलको सदस्य बन्नु हुँदैन र स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणका क्रममा दिएका सुझाव, सल्लाहलाई अक्षरशः पालना गरी शैक्षिक स्तर माथि उठाउन शिक्षक पेसागत रूपमा दक्ष, योग्य, विषयवस्तुको ज्ञाता हुनुपर्छ र शिक्षक अध्ययनशील हुनुपर्छ । आफ्नो विषयवस्तुमा राम्रो नतिजा विद्यालयमा विद्यार्थीहरूलाई ल्याउन सफल गराउने शिक्षकलाई प्रोत्साहन, हौसला दिनुपर्छ र विषयवस्तुमा राम्रो नतिजा ल्याउन सहयोग नगर्ने शिक्षकलाई दण्ड, सजाय गर्नुपर्छ ।

### ४. ४. ४. **स्रोतव्यक्तिबाट प्राप्त उपायहरू**

#### ४. ४. ४. १. **सुपरिवेक्षण सम्बन्धी आधुनिक ज्ञान र तालिमको व्यवस्था**

स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षणका समस्याहरूलाई समाधान गर्ने उपायहरू केके हुन सक्छन् भनी सो सम्बन्धमा यस स्रोतकेन्द्रअन्तर्गतका स्रोतव्यक्तिलाई अनुसूची ४ अनुसारका खुला प्रश्नावली र अनुसूची ५ अनुसारको छलफल निर्देशिकाका आधारमा प्राप्त समाधानका उपायहरूमा एक स्रोतव्यक्तिले सजिलै विद्यालय सुपरिवेक्षण गर्न सक्ने गरी वैज्ञानिक सोचका आधारमा स्रोतकेन्द्र अन्तर्गतका विद्यालय सङ्ख्या उचित मात्रामा र भौगोलिक क्षेत्र समेत सोही बमोजिम निर्धारण गरिनुपर्दछ भन्ने उपाय सुझावका रूपमा स्रोतव्यक्तिबाट प्राप्त भएको थियो । विद्यालय सुपरिवेक्षण सम्बन्धी आधुनिक सीप र प्रविधिका पुनर्ताजगीका तालिमहरू जि.शि.का.बाट नियमित रूपमा स्रोतव्यक्तिहरूलाई दिनुपर्ने, स्रोतकेन्द्रमा स्रोतसाधन बढाउनुपर्ने, तथ्याङ्क सङ्कलन र प्रशासनिक बोझलाई हटाउन थप कर्मचारीको व्यवस्था गर्नुपर्ने, भ्रमणभत्ता समयानुकूल वृद्धि गर्नुपर्ने, स्रोतव्यक्तिका कामकारबाहीमा राजनीतिक हस्तक्षेप हुन नहुने, विद्यालयहरूले स्रोतव्यक्तिले दिएका सुझाव सल्लाहलाई पूर्ण रूपले पालना गर्नुपर्ने, स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण पश्चात् पेस गरेको प्रतिवेदनउपर जिल्ला शिक्षा कार्यालयबाट सुनुवाइ हुनुपर्ने, राम्रो काम गर्ने स्रोतव्यक्तिलाई उचित मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यवस्था हुनुपर्ने र स्थानीय स्तरबाट शैक्षिक सुपरिवेक्षणमा स्रोतव्यक्तिलाई आवश्यक सहयोग प्राप्त हुनुपर्ने जस्ता उपायहरू पनि स्रोतव्यक्तिबाट उल्लेख भएको थियो ।

विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिका समस्या समाधानका उपायहरूका सम्बन्धमा रङ्गेली स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री भीमशङ्कर देवलाई सोध्दा उहाँ भन्नुहुन्छ :

> स्रोतव्यक्तिलाई विद्यालय सुपरिवेक्षण सम्बन्धी आधुनिक प्रविधि र सीप समेट्ने खालको पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्छ । स्रोतव्यक्तिलाई भ्रमण भत्ता, सवारी साधन उपलब्ध गराउनु पर्छ । स्रोतव्यक्तिले दिएका सल्लाह, सुझाव प्र.अ., शिक्षकहरू र वि.व्य.स.का पदाधिकारीहरूले समेत कार्यान्वयन गर्नुपर्छ । जि.शि.का. बाट पनि स्रोतव्यक्तिले विद्यालय सुपरीवेक्षणका क्रममा भोगेका समस्याहरू समाधान गर्न सहयोग गर्नुपर्छ । अनि मात्र विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिले प्रभावकारी भूमिका खेल्न सक्छन् र विद्यालयको गुणस्तर माथि उठ्न सक्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५. १. प्राप्ति

विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका शोध शीर्षक राखिएको यस अध्ययनमा स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणको अवस्था, यस कार्यमा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण, विद्यालय सुपरिवेक्षणका समस्या र समाधानका उपायहरू पहिचान गरी सुझाउने प्रमुख उद्देश्य राखेर शोध अध्ययन अघि बढाउने क्रममा मोरङ जिल्लाको रंगेली स्रोतकेन्द्रका ६ वटा सामुदायिक विद्यालयहरू छनौट गरिएको थियो । उद्देश्यहरू पूरा गर्नका लागि सम्बन्धित विद्यालयका शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. अध्यक्षहरू र स्रोतव्यक्तिसँग प्रश्नोत्तर, छलफल साथै विद्यालय र स्रोतकेन्द्रका अभिलेखबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषणका आधारमा विभिन्न तथ्यहरू प्राप्ति भएका छन् ।

यस स्रोतकेन्द्रको विद्यालय सुपरिवेक्षण अवस्थाको विश्लेषण गर्दा मासिक वा वार्षिक रूपमा प्रत्येक विद्यालयको स्रोतकेन्द्रबाट के कति सुपरिवेक्षण हुनुपर्ने किटानी नभएको पाइन्छ । फलतः स्रोतव्यक्तिले विद्यालयको सुपरिवेक्षण न्यून मात्रामा मात्र गरेको पाइएको छ । कतिपय विद्यालयमा वर्षमा एक पटक समेत सुपरिवेक्षण नभएकाले विद्यालय सुपरिवेक्षण नियमित भएको छैन । स्रोतव्यक्तिबाट विद्यालय सुपरिवेक्षण भए/नभएको जि.शि.का. बाट अनुगमन गर्ने प्रावधान नरहेकाले स्रोतकेन्द्रस्तरीय विद्यालय सुपरिवेक्षण स्रोतव्यक्तिमा निर्भर रहेकाले समग्रमा विद्यालय सुपरिवेक्षणको अवस्था सन्तोषजनक पाइएन ।

यस अध्ययनको प्राप्तिमा स्रोतव्यक्ति विद्यालय सुपरिवेक्षणको क्रममा विभिन्न विद्यालयमा जाँदा तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा मात्र जोड दिएको पाइएको छ । शिक्षक र प्र.अ. का पेसागत समस्यालाई प्राथमिकताका साथ छलफलको विषय बनाइ सहयोग प्रदान गर्ने कार्य ओझेलमा परेको पाइयो । स्रोतव्यक्तिमा दक्षता र इमानदारिताको कमीका कारण योजनाबद्ध तरिकाबाट र आधुनिक प्रविधिलाई अपनाई विद्यालय सुपरिवेक्षणको कार्य गरेको पाइएन । विद्यालय सुपरिवेक्षण परम्परागत ढङ्गबाट नै भएको पाइएको छ । स्रोतव्यक्तिलाई यसका लागि समयअनुकूल पुनर्ताजगी तालिम प्रदान कार्य नभएको पाइएको छ । अन्ततः जे जति सुपरिवेक्षण भएका छन् प्रभावकारी र मार्गदर्शक बन्न सकेको छैन ।

शिक्षकहरूमा राजनीति हावी भएको, विषयवस्तुप्रति न्यून ज्ञान रहेको, स्रोतकेन्द्रमा एक जना स्रोतव्यक्तिले सजिलै विद्यालय सुपरिवेक्षण गर्न सक्ने गरी विद्यालय संख्या र भौगोलिक क्षेत्र समेटिएको छैन । विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्वहरूमा विशेष गरेर शिक्षकहरू विभिन्न राजनीतिक पार्टीहरूको कार्यकर्ता बनेर विद्यालयमा इमानदारीपूर्वक उपस्थित भएर शैक्षिक वातावरण वृद्धि गर्ने र आफ्नो पेसागत ज्ञान, सीप, अनुभव बढाउने कार्यमा न्यून मात्रामा संलग्न भएको पाइयो । यस अध्ययनका क्रममा स्रोतव्यक्तिहरूको तथ्याङ्क सङ्कलन, सूचना आदानप्रदान, तालिम, गोष्ठी आदिमा सहभागी हुनुपर्ने कार्यव्यस्तताका कारण विद्यालय सुपरिवेक्षणमा पूर्ण रूपमा समय दिन नसक्नु र शिक्षकहरूको विषयवस्तुप्रति न्यून ज्ञान, तालिम अप्राप्तका कारण साथै शैक्षणिक कार्य गर्दा विभिन्न शैक्षणिक योजना बनाएर पूर्ण तयारी भएर कक्षा शिक्षणमा नजानु आदि कुराहरूले विद्यालय सुपरिवेक्षणमा प्रत्यक्ष प्रभाव पार्ने कारक तत्वहरू रहेको पाइयो ।

एक स्रोतव्यक्तिले के कति सङ्ख्यामा विद्यालयहरूको उचित सुपरिवेक्षण गर्न सक्छन् भन्ने वैज्ञानिक सोच र निर्णयको अभाव भएको पाइएको छ । विद्यालय सुपरिवेक्षणका क्रममा विभिन्न विद्यालयमा आवतजावतका लागि भ्रमणभत्ता भने न्यून रहेको छ । थप कर्मचारीहरूको व्यवस्था नभएको आदि समस्याहरू पाइयो । समाधानका उपायहरूमा थप कर्मचारीहरूको व्यवस्था गर्नुपर्ने, साधन स्रोतलाई वृद्धि गर्नुपर्ने, स्रोतव्यक्तिलाई क्रियाशील बनाउनु पर्ने, स्थानीय स्तरमा विद्यालय सुपरिवेक्षणको अवधारणालाई प्रष्ट पारिनु पर्ने, यसका लागि विद्यालयमा व्यापक छलफल, तालिम, गोष्ठी कार्यक्रम सञ्चालन गरिनुपर्ने, स्रोतव्यक्तिले प्र.अ.हरू र वि.व्य.स.का अध्यक्षहरूसित मात्र भेटघाट, छलफल नगरी शिक्षकहरूसित विषयवस्तुका बारेमा छलफल, अन्तर्क्रिया गर्न सकेमा सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्न सकिन्छ ।

## ५. २. निष्कर्ष

शोध अध्ययनका उद्देश्यहरू परिपूर्ति गर्ने क्रममा खोज अनुसन्धानका क्रममा प्राप्त भएका जवाफ, तथ्याङ्क, विभिन्न सिद्धान्त, लेख रचनाका आधारमा विभिन्न निष्कर्षहरू ठम्याइएको छ ।

विद्यालय सुपरिवेक्षणको जिम्मेवारी पाएका व्यक्तिहरूमध्ये स्रोतव्यक्ति पनि एक मुख्य व्यक्ति भएको तर स्रोतव्यक्तिबाट भएको विद्यालय सुपरिवेक्षण आवश्यकताभन्दा न्यून

पटक हुने गरेको छ । साथै सुपरिवेक्षण नियमति समेत हुन सकेको छैन । स्रोतव्यक्तिबाट मासिक वा वार्षिक रूपमा के कति पटक घटीमा अनिवार्य सुपरिवेक्षण हुनुपर्ने कुरा शिक्षा नियमावली र जिल्ला शिक्षा कार्यालयबाट समेत किटानी नहुँदा यसले अन्यौलको अवस्था सिर्जना गरेको छ । स्रोतव्यक्तिले के कसरी विद्यालयहरूमा जि.शि.का. र अन्य निकायबाट अनुगमन गर्ने परिपाटी नभएकाले स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षण स्वैच्छिक बन्न पुगेको छ । फलतः सुपरिवेक्षण प्रभावकारी बन्न सकेको छैन ।

विद्यालय सुपरिवेक्षणका क्रममा स्रोतव्यक्तिबाट विद्यालयमा तथ्याङ्क सङ्कलन र सूचना आदानप्रदान गर्ने कार्यहरू भएका छन् । तथ्याङ्क र सूचना आदानप्रदान राम्रो भए तापनि सुपरिवेक्षण औपचारिकतामा सीमित भएको छ । जे जति सुपरिवेक्षण भएका छन्, परम्परागत ढंगबाट भएका छन्, जसमा आधुनिक प्रविधि र योजनाबद्ध तरिका अपनाइएको छैन । स्रोतव्यक्तिलाई समयानुकूल पुनर्ताजगी तालिमको व्यवस्था नभएकाले समेत यस्तो स्थिति सिर्जना भएको हो । अर्कोतर्फ विद्यालय सुपरिवेक्षणका लागि स्रोतकेन्द्रमा स्रोत साधनको अभाव हुनु, स्रोतव्यक्तिलाई भ्रमण भत्ता न्यून हुनु तथा स्रोतकेन्द्रको भौगोलिक क्षेत्र र विद्यालय संख्या अधिक हुनुले पनि सुपरिवेक्षण प्रभावकारी हुन सकिरहेको छैन ।

स्रोतव्यक्तिले विद्यालयको सुपरिवेक्षण गरेपश्चात जि.शि.का. मा प्रतिवेदन अनिवार्य बुझाउनुपर्ने प्रावधान रहेको छैन । राजनीतिक प्रभावका कारण स्रोतव्यक्तिले विद्यालयको वास्तविक स्थिति झल्कने प्रतिवेदन दिनसक्ने अवस्था रहेको छैन । उक्त प्रतिवेदनका आधारमा जि.शि.का. बाट निर्णय गर्ने गरिएको पनि छैन । स्रोतव्यक्तिले दिएका सुझाव सल्लाह विद्यालयहरूमा पूर्णरूपमा पालना नगरे साथै गैरजिम्मेवार भएमा कारबाही गर्ने स्थिति पनि नरहेको अवस्था छ ।

स्रोतव्यक्तिबाट शिक्षा नियमावलीले दिएको काम, कर्तव्य र अधिकारहरूको अक्षरशः पालना हुन सकिरहेको छैन । स्रोतव्यक्तिलाई आफ्नो कार्यप्रति अभिप्रेरणा प्रदान गर्नुपर्ने व्यवस्था नहुनुले कर्तव्यनिष्ठताप्रतिको नैराश्यता बढाएको छ । स्थानीय स्तरमा विद्यालय सुपरिवेक्षणका लागि उचित सहयोग प्राप्त हुन सकिरहेको छैन । अधिकांश विद्यालयहरूमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी नहुनुले प्रधानाध्यापकहरू विद्यालयको पठनपाठनमा नै व्यस्त रहनुपर्ने भएकाले विद्यालय सुपरिवेक्षणमा सहयोग प्राप्त हुन नसकी आशातीत रूपमा सुपरिवेक्षण हुन सकिरहेको छैन ।

स्रोतकेन्द्रमा नै स्रोतव्यक्ति नबस्नु साथै विद्यालयका प्र.अ. हरूसँग मात्र निकट सम्बन्ध कायम गर्ने तर शिक्षकहरू र वि.व्य.स. पदाधिकारीहरूसँग चिनजान समेत नहुनुले समस्याहरू खुलस्त रूपले राख्न सक्ने र छलफल गरी निकारण गर्ने वातावरण बन्न सकिरहेको छैन । सुपरिवेक्षणका जिम्मेवार निकायहरू गाउँ/नगर शिक्षा समिति गठन नै नहुनु, वि.व्य.स. पदाधिकारी, प्र.अ., स्रोतव्यक्ति र वि.नि. बीच समन्वय हुन नसक्नुले विद्यालय सुपरिवेक्षण सही गतिमा अगाडि बढ्न सकिरहेको छैन ।

## ५. ३. सुझावहरू

प्रस्तुत शोध अध्ययनका आधारमा विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिकालाई प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५. ३. १. नीतिगत तहका लागि सुझाव

प्रत्येक विद्यालयमा मासिक वा वार्षिक रूपमा स्रोतव्यक्तिबाट यति पटक विद्यालय सुपरिवेक्षण गर्नुपर्ने किटान हुनुपर्ने देखिन्छ । स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण तोकिएको समयमा अनिवार्य र नियमित रूपमा गरिनु पर्दछ । स्रोतकेन्द्रमा अन्य थप कर्मचारीको व्यवस्था गरी स्रोतव्यक्तिलाई तथ्याङ्क सङ्कलनभन्दा पनि विद्यालय सुपरिवेक्षणमा बढी जोड दिने वातावरण नीतिगत रूपमा नै व्यवस्था गरिनुपर्दछ । स्रोतव्यक्तिमा सक्षम, योग्य व्यक्ति मात्र नियुक्त गरिनु पर्दछ । स्रोतव्यक्तिले दिएका सुझावहरू कार्यान्वयन नगर्ने विद्यालयहरूलाई कारबाहीको व्यवस्था गरिनु पर्दछ । राजनीतिक हस्तक्षेपलाई शिक्षा क्षेत्रबाट हटाउनु पर्दछ ।

### ५. ३. २. अभ्यास तहका लागि सुझाव

स्रोतव्यक्तिबाट हुने गरेका विद्यालय सुपरिवेक्षण केकसरी भइरहेको छ भनी जि.जि.का. बाट समय समयमा अनुगमन गर्नुपर्दछ । अनुगमन पश्चात् राम्रो विद्यालय सुपरिवेक्षण गर्ने स्रोतव्यक्तिलाई पुरस्कार र गैरजिम्मेवार स्रोतव्यक्तिलाई दण्डको व्यवस्था मिलाउनु पर्दछ । विद्यालय सुपरिवेक्षण आधुनिक प्रविधि र योजनाबद्ध तरिकाबाट गरिनुपर्दछ । स्रोतव्यक्तिबाट गरिने विद्यालय सुपरिवेक्षण पश्चात् तत्काल वास्तविकता प्रस्टिने प्रतिवेदन जि.शि.का.मा बुझाउने र उक्त प्रतिवेदनलाई जि.शि.का.ले गर्ने विभिन्न निर्णयको आधार बनाउनु पर्दछ । स्रोतव्यक्तिले दिएका सल्लाह, सुझाव, परामर्श आदिलाई विद्यालयका

प्र.अ., शिक्षकहरूले पालना गर्नुपर्दछ । स्रोतव्यक्तिले प्र.अ., शिक्षकहरू, वि.व्य.स. पदाधिकारीहरू सबैसँग निकट सम्बन्ध स्थापित गरी कुनै पनि समस्यालाई खुलस्त राख्नसक्ने वातावरण तयार गर्नुपर्छ । अध्ययनबाट प्राप्त सुझावहरूलाई सम्बन्धित सरोकारवालाहरूबाट कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ ।

### ५. ३. ३. अनुसन्धान तहका लागि सुझाव

यो अध्ययन अनुसन्धान साधन, स्रोत, समय र अन्य विविध समस्याका कारणले मोरङ जिल्लाको ५ वटा गा.वि.सहरूमा अवस्थित रङ्गेली स्रोतकेन्द्रका ३३ वटा सामुदायिक विद्यालयहरूमध्ये ६ वटा विद्यालयहरू जसमा २ वटा उ.मा.वि., १ वटा मा.वि., १ वटा नि.मा.वि. र २ वटा प्रा.वि.लाई मात्र भौगोलिक क्षेत्र र ती ६ वटा विद्यालयका ६ जना शिक्षकहरू, ६ जना प्र.अ.हरू, ६ जना वि.व्य.स. अध्यक्षहरू र १ जना स्रोतव्यक्तिलाई यस अध्ययनको नमुनाको आकार लिएर अध्ययनको परिसीमा निर्धारण गरिएको छ । तर आउँदा दिनहरूमा सुपरिवेक्षणका क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने व्यक्तिहरूले अध्ययनको परिसीमालाई बढाएर जि.शि.का., क्षे.शि.नि., शिक्षा मन्त्रालयका प्रतिनिधिहरूलाई राखेर विभिन्न अनुसन्धानका उपायहरू अपनाएर यस अध्ययनलाई अझ व्यापक र विस्तृत रूपमा गर्नुपर्ने छ भन्ने सुझाव व्यक्त गर्न चाहन्छु ।

# सन्दर्भसूची


काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा, रामस्वरूप (२०६०), *शैक्षिक योजना;* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा, रामस्वरूप (२०६२), *शैक्षिक प्रशान र सुपरिवेक्षण;* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गाना, पदमप्रसाद (२०५९), *स्रोतकेन्द्र विकास निर्देशिका;* भक्तपुर : शिक्षा विभाग, तालिम तथा निरीक्षण शाखा ।

नेपाल कानुन किताब व्यवस्था समिति (२०६३), *शिक्षा ऐन, २०२८ नवौँ संशोधन, २०६३,* काठमाडौँ : लेखक ।

नेपाल कानुन किताब व्यवस्था समिति (२०६३), *शिक्षा नियमावली, २०५९ नवौँ संशोधन, २०६३,* काठमाडौं : लेखक ।

पोखरेल, लालप्रसाद (२०६२), *माध्यमिक विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता;* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, केन्द्रीय क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र) काठमाडौं ।

पण्डित दीनानाथ (२०५४), *शैक्षिक प्रशासन र सुपरिवेक्षण;* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, हरिप्रसाद (२०६२), *समकालीन शैक्षिक चुनौती र भावी दिशा;* काठमाडौं : सोपान प्रकाशन ।

शर्मा, चिरञ्जीवी (२०६२), *शिक्षाका आधारहरू;* काठमाडौँ : एम.के. पब्लिसर्स

शाही, तीर्थबहादुर (२०५७), *सुर्खेत उपत्यकाका माध्यमिक विद्यालयले शैक्षिक गुणस्तरमा पारेको प्रभाव एक अध्ययन;* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, सुर्खेत क्याम्पस, सुर्खेत ।

शाही, भूपेन्द्र (२०६३), *विद्यालय सुपरिवेक्षणको स्थिति;* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, काठमाडौं ।

शिक्षक मासिक (२०६७), *स्रोतकेन्द्रको व्यवस्थापनका नयाँ आयाम;* काठमाडौं : ज्ञानविज्ञान प्रकाशन प्रा.लि.

श्रेष्ठ, जयचन्द्र (२०५८), *सिन्धुपाल्चोक जिल्लामा माध्यमिक विद्यालयहरूमा शिक्षण सिकाइको अवस्थालाई सुधार गर्न जिल्ला शिक्षा कार्यालयको भूमिका;* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं ।

सेरिड (२०६४), *फर्मेटिभ अनुसन्धान परियोजना;* काठमाडौं : त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, लेखक ।

क्षेत्रीय शिक्षा निर्देशनालय (२०६१), *शैक्षिक गुणस्तर सुधारमा स्रोतकेन्द्रको भूमिका अध्ययन प्रतिवेदन;* सुर्खेत : मध्यमाञ्चल क्षेत्रिय शिक्षा निर्देशनालय ।

# अनुसूची– १

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## विद्यालय सर्वेक्षण फाराम

| क्र.स. | विद्यालयको नाम | सुपरिवेक्षण भएको साल र पटक | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६७ | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

## अनुसूची- २

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

### प्रधानाध्यापक तथा शिक्षकहरूका लागि प्रश्नावली

१. स्रोतव्यक्तिले गर्नुपर्ने प्रमुख सहयोगी काम के हो ?

क) सुपरिवेक्षण ☐ ख) निरीक्षण ☐

ग) निर्देशन ☐ घ) अवलोकन ☐

२. तपाईंको विद्यालयमा विद्यालय सुपरिवेक्षणको निरन्तरता कस्तो छ ?

क) छ ☐ ख) छैन ☐

ग) कहिलेकाहीँ हुन्छ ☐ घ) अन्य ................

३. तपाईंको विद्यालयमा अघिल्लो वर्षमा कति पटक सुपरिवेक्षण भएको थियो ?

क) एकपटक ☐ ख) दुई पटक ☐

ग) तीन पटक ☐ घ) धेरै पटक ☐

४. स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षण गर्दा प्रभाव पार्ने प्रमुख कारक तत्त्व के हो ?

क) नीति र नियमको अभाव ☐ ख) अधिक विद्यालय सङ्ख्या ☐

ग) स्रोत साधनको अभाव ☐ घ) उत्तरदायित्वबोधको कमी ☐

५. स्रोतव्यक्तिले भोगेको मुख्य व्यवधान के ठान्नुहुन्छ ?

क) अधिक विद्यालय सङ्ख्या ☐ ख) स्रोतव्यक्तिको सक्रियताको कमी ☐

ग) कार्यान्वयनको अभाव ☐ घ) अन्य ............

६. स्रोतव्यक्तिबाट कस्तो भूमिकाको अपेक्षा राख्नुहुन्छ ?

क) सहयोगी ☐ ख) सुधारक ☐

ग) घनिष्ट ☐ घ) मिलनसार ☐

७. तपाईंलाई स्रोतव्यक्तिबाट मुख्य रूपमा कस्तो सहयोग प्राप्त भएको छ ?

क) शिक्षण सिकाइ सीप ☐ ख) शिक्षण सामग्री निर्माण सीप ☐

ग) शैक्षिक समस्या समाधान गर्ने सीप ☐ घ) अन्य ...................

८. विद्यालय सुपरिवेक्षणका क्रममा स्रोतव्यक्ति/विद्यालय निरीक्षकले दिएका सुझावहरू कत्तिको कार्यान्वयन गर्नुभएको छ ?

क) ० देखि २५ प्रतिशत ☐ ख) २५ देखि ५० प्रतिशत ☐

ग) ५० देखि ७५ प्रतिशत ☐ घ) ७५ देखि १०० प्रतिशत ☐

९. स्रोतव्यक्तिबाट हुने गरेको सुपरिवेक्षणलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

..........................................................................................

१०. स्रोतव्यक्तिबाट हुने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने तत्त्वहरू केके हुन् ?

..........................................................................................

..........................................................................................

..........................................................................................

११. स्रोतव्यक्तिको विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरू निराकण गर्ने उपायहरू केके हुन सक्छन् ?

..........................................................................................

..........................................................................................

..........................................................................................

## अनुसूची- ३

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि प्रश्नावली

१. विद्यालय सुपरिवेक्षण किन आवश्यक छ ?

क) शिक्षकको त्रुटि केलाउन ☐ ख) प्र.अ.को दोष पत्ता लगाउन ☐

ग) शैक्षिक समस्या पत्ता लगाउन ☐ घ) शिक्षकलाई पेसागत सहयोग गर्न ☐

२. तपाईंको विद्यालयमा स्रोतव्यक्तिबाट वर्षमा कतिपटक सुपरिवेक्षण हुने गरेको छ ?

क) एक पटक ☐ ख) दुई पटक ☐

ग) तीन पटक ☐ घ) भएकै छैन ☐

३. स्रोतव्यक्तिले सुपरिवेक्षण गर्दा के गर्नुहुन्छ ?

क) समस्या देखाउनु हुन्छ ☐ ख) समस्या समाधानमा सहयोग गर्नुहुन्छ ☐

ग) निर्देशन मात्र दिनुहुन्छ ☐ घ) केही नगरी जानुहुन्छ ☐

४. तपाईं आफ्नो विद्यालयको सुपरिवेक्षण कति मात्रामा गर्नुहुन्छ ?

क) सधैं ☐ ख) कहिलेकाहीँ ☐

ग) निरन्तर ☐ घ) आवश्यकता परेमा ☐

५. विद्यालय सुपरिवेक्षणको मुख्य समस्या के हो ?

क) स्रोतसाधनको अभाव ☐ ख) भौगोलिक कठिनाइ ☐

ग) अधिक विद्यालय सङ्ख्या ☐ घ) इच्छाशक्तिको कमी ☐

६. स्रोतव्यक्तिका काम कारबाहीलाई प्रभाव पार्ने मुख्य कारक तत्त्व के बुझ्नुहुन्छ ?

क) क्षमताको अभाव ☐ ख) राजनीतिक हस्तक्षेप ☐

ग) अधिकारको कमी ☐ घ) न्यून सेवा सुविधा ☐

७. विद्यालय सुपरिवेक्षणको समस्या समाधानको मुख्य उपाय के हुनसक्छ ?

क) कडा नियम ☐ ख) अधिकार सम्पन्न स्रोतव्यक्ति ☐

ग) योग्य, इमानदार र लगनशील स्रोतव्यक्ति ☐ घ) सेवा सुविधामा वृद्धि ☐

८. स्रोतव्यक्तिले सुपरिवेक्षण गर्दा कस्तो अपेक्षा राख्नुहुन्छ ?

क) शिक्षण सिकाइमा सुधार ☐ ख) शिक्षकको नियमितता ☐

ग) अनुदानका लागि सिफारिस ☐ घ) अन्य ....................

९. स्रोतकेन्द्रमा हुने बैठकमा तपाईंको उपस्थिति कत्तिको हुने गर्दछ ?

क) प्रत्येक पटक ☐ ख) कहिलेकाहीँ ☐

ग) गएकै छैन ☐ घ) अन्य ……

१०. विद्यालयको सुपरिवेक्षणपश्चात् स्रोतव्यक्तिले दिएका सुझाव सल्लाह कत्तिको कार्यान्वयन भएको पाउनुभएको छ ?

क) ०-२५% ☐ ख) २५-५०% ☐

ग) ५०-७५% ☐ घ) ७५-१००% ☐

११. तपाईंको विद्यालयमा सुपरिवेक्षण कसरी भइरहेको छ ?

…………………………………………………………………………………………

…………………………………………………………………………………………

…………………………………………………………………………………………

१२. स्रोतकेन्द्रका विद्यालय सुपरिवेक्षण सम्बन्धी समस्याहरू केके हुन् ?

…………………………………………………………………………………………

…………………………………………………………………………………………

…………………………………………………………………………………………

१३. विद्यालय सुपरिवेक्षणका समस्या समाधानका उपायहरू केके हुनसक्छन् ?

…………………………………………………………………………………………

…………………………………………………………………………………………

…………………………………………………………………………………………

# अनुसूची- ४

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## स्रोतव्यक्तिलाई सोधिएका प्रश्नहरू

१. तपाईंले गर्ने सुपरिवेक्षणले विद्यालयमा के कस्तो प्रभाव पारेको अनुभव गर्नुभएको छ ?

क) अत्यन्त राम्रो ☐ ख) राम्रो ☐

ग) सामान्य ☐ घ) अन्य ...............

२. वर्षमा कति पटक विद्यालयको सुपरिवेक्षण गर्नुहुन्छ ?

क) एक पटक ☐ ख) दुई पटक ☐

ग) तीन पटक ☐ घ) धेरै पटक ☐

३. सुपरिवेक्षण गर्दा के गर्नुभएको छ ?

क) विद्यालयका समस्याहरू पत्ता लगाउने ☐

ख) प्रधानाध्यापकका समस्याहरू केलाउने ☐

ग) शिक्षकका समस्याहरू पत्ता लगाउने ☐

घ) प्र.अ. तथा शिक्षकका कमी कमजोरी पहिल्याइ समाधानमा सहयोग गर्ने । ☐

४. विद्यालय सुपरिवेक्षण गर्दा तपाईंका काममा प्रभाव पार्ने प्रमुख कारक तत्त्व के हो ?

क) नीति नियमको अभाव ☐

ख) स्रोतसाधनको अभाव ☐

ग) राजनीतिक हस्तक्षेप ☐

घ) कार्यान्वयनको कमी ☐

५. सुपरिवेक्षणबाट प्राप्त कमी कमजोरीलाई कसरी सुधार गर्ने गर्नुभएको छ ?

क) निर्देशन दिएर ☐ ख) समाधानका उपायहरू बताएर ☐

ग) आवश्यक सहयोग गरेर ☐ घ) छलफल गरेर ☐

६. विद्यालय सुपरिवेक्षणमा देखिएका समस्या समाधान गर्नका लागि के गर्न उचित ठान्नुहुन्छ ?

क) जनशक्ति बढाउनुपर्छ ☐ ख) सेवासुविधा वृद्धि गर्नुपर्छ ☐

ग) जनचेतना बढाउनुपर्छ ☐ घ) सरोकारवाला सबैले इमानदार हुनुपर्छ ☐

७. सुपरिवेक्षणका क्रममा तपाईंले दिएका सुझावहरू विद्यालयले कत्तिको कार्यान्वयन गरेको पाउनुभएको छ ?

क) ०-२५% ☐ ख) २५-५०% ☐

ग) ५०-७५% ☐ घ) ७५-१००% ☐

८. स्रोतव्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षणमा प्रभाव पार्ने कारक तत्त्वहरू केके हुन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

९. विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिले भोग्नुपरेका समस्याहरू केके हुन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१०. विद्यालय सुपरिवेक्षणका समस्याहरू समाधान गर्न केकस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

# अनुसूची- ५

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## छलफल निर्देशिका

**छलफलका विषयहरू :**

१. विद्यालय सुपरिवेक्षणको अवस्थाका सम्बन्धमा ।

२. स्रोतकेन्द्रले गर्ने विद्यालय सुपरिवेक्षणको तरिकाका सम्बन्धमा ।

३. विद्यालय सुपरिवेक्षणलाई प्रभाव पार्ने कारक तत्त्वहरूका सम्बन्धमा ।

४. विद्यालय सुपरिवेक्षणका समस्याका सम्बन्धमा ।

५. समस्या समाधानका सम्बन्धमा ।

# अनुसूची- ६

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## २०६५ को कक्षागत सिकाइउपलब्धि

| क्र.स. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ६ | ७ | ९ |
| १ | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह | ३९ | ४० | ३८ | ३९ | ४१ | ४२ | ४४ |
| २ | महालक्ष्मी मावि, दर्वेशा | ३८ | ४१ | ४० | ४२ | ४० | ४३ | ४५ |
| ३ | जनता मावि, आमगाछी | ३९ | ४० | ४१ | ४१ | ३९ | ४२ | ४४ |
| ४ | मंगलसिंह मावि, अमरदह | ४० | ४१ | ३९ | ४० | ४० | ४१ | ४४ |
| ५ | आदर्श निमावि, रंगेली | ४१ | ४२ | ४२ | ४१ | ४३ | ४२ | ४५ |
| ६ | रामजानकी प्रावि, टकुवा | ३९ | ३८ | ४० | ४१ | ० | ० | ० |

स्रोत : विद्यालय अभिलेख, २०६५ ।

# अनुसूची- ७

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## २०६६ को कक्षागत सिकाइउपलब्धि

| क्र.स. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ६ | ७ | ९ |
| १ | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह | ३८ | ३७ | ३८ | ३९ | ३७ | ४० | ४२ |
| २ | महालक्ष्मी मावि, दर्वेशा | ३७ | ३८ | ३९ | ४० | ३८ | ४० | ४१ |
| ३ | जनता मावि, आमगाछी | ३६ | ३९ | ३८ | ३८ | ४० | ३९ | ४२ |
| ४ | मंगलसिंह मावि, अमरदह | ३९ | ३८ | ३९ | ४१ | ४० | ४० | ४२ |
| ५ | आदर्श निमावि, रंगेली | ३९ | ३९ | ४० | ४२ | ४१ | ४२ | ० |
| ६ | रामजानकी प्रावि, टकुवा | ३७ | ३८ | ३७ | ३८ | ० | ० | ० |

स्रोत : विद्यालय अभिलेख, २०६६ ।

## अनुसूची- ८

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

### २०६७ को कक्षागत सिकाइउपलब्धि

| क्र.स. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ६ | ७ | ९ |
| १ | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह | ३८ | ३८ | ३९ | ३९ | ३९ | ४१ | ४२ |
| २ | महालक्ष्मी मावि, दर्वेशा | ३९ | ३८ | ३८ | ४० | ४० | ४२ | ४३ |
| ३ | जनता मावि, आमगाछी | ३७ | ३९ | ३८ | ४० | ३९ | ४१ | ४२ |
| ४ | मंगलसिंह मावि, अमरदह | ३८ | ३८ | ३७ | ३८ | ३९ | ४१ | ४२ |
| ५ | आदर्श निमावि, रंगेली | ३९ | ३९ | ४० | ४१ | ४२ | ४२ | ० |
| ६ | रामजानकी प्रावि, टकुवा | ३७ | ३८ | ३९ | ३९ | ० | ० | ० |

स्रोत : विद्यालय अभिलेख, २०६७ ।

# अनुसूची- ९

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## सामूहिक छलफलमा सहभागी स्रोतव्यक्ति र प्रधानाध्यापकहरू

| क्र.स. | व्यक्तिको नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| १ | धनबहादुर बस्नेत | प्रधानाध्यापक | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह |
| २ | इन्द्रमणि थापा | प्रधानाध्यापक | महालक्ष्मी मावि, दर्वेशा |
| ३ | नित्यानन्द दास | प्रधानाध्यापक | जनता मावि, आमगाछी |
| ४ | सञ्चलाल लिम्बू | प्रधानाध्यापक | मंगलसिंह मावि, अमरदह |
| ५ | हरिनारायण दास | प्रधानाध्यापक | आदर्श निमावि, रंगेली |
| ६ | सत्यनारायण राजवंशी | प्रधानाध्यापक | रामजानकी निमावि, टकुवा |
| ७ | भीमशंकदेव शाह | स्रोतव्यक्ति | स्रोतकेन्द्र रंगेली |

## अनुसूची– १०

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

**सामूहिक छलफलमा सहभागी वि.व्य.स. अध्यक्षहरू**

| क.स. | व्यक्तिको नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| १ | टेकबहादुर विष्ट | अध्यक्ष | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह |
| २ | रामकुमार राजवंशी | अध्यक्ष | महालक्ष्मी मावि, दर्वेशा |
| ३ | निरञ्जनकुमार मण्डल | अध्यक्ष | जनता मावि, आमगाछी |
| ४ | धनबहादुर राई | अध्यक्ष | मंगलसिंह मावि, अमरदह |
| ५ | जिठीलाल मण्डल | अध्यक्ष | आदर्श निमावि, रंगेली |
| ६ | सर्वेलाल राजवंशी | अध्यक्ष | रामजानकी निमावि, टकुवा |

# अनुसूची- ११

# विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका

## सामूहिक छलफलमा सहभागी शिक्षकहरू

| क्र.स. | व्यक्तिको नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| १ | राना क्षेत्री | शिक्षक | वीरेन्द्र सार्वजनिक उमावि, अमरदह |
| २ | चीरञ्जीवी काफ्ले | शिक्षक | महालक्ष्मी मावि, दर्वेशा |
| ३ | सूर्यनारायण यादव | शिक्षक | जनता मावि, आमगाछी |
| ४ | जीतबहादुर राई | शिक्षक | मंगलसिंह मावि, अमरदह |
| ५ | सुनिलकुमार साह | शिक्षक | आदर्श निमावि, रंगेली |
| ६ | गौतमलाल राजवंशी | शिक्षक | रामजानकी प्रावि, टकुवा |